## अध्याय-एक

## १. शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक **सिन्धुली जिल्लामा कक्षा -८ मा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन** रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय सिन्धुली बहुमुखी क्याम्पस अन्तर्गत नेपाली भाषा शिक्षा विभागको एम.एड.दोश्रो वर्ष नेपाशि.५९८ पाठ्यांशको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

१.३ **समस्या-कथन**:- प्रस्तुत शोध पत्रको समस्याहरु निम्नलिखित रहेका छन् :

- कक्षा ८ मा अध्यापन गर्ने शिक्षकहरुको व्याकरण शिक्षण कार्यकलाप क्षमता के-कस्तो रहेको छ ?
- सिन्धुली जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुको व्याकरण शिक्षण कार्यकलाप क्षमतामा के-कस्तो भिन्नता पाइन्छ ?
- तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले व्याकरण शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिहरुबीच के-कस्तो समानता र असमानता पाइन्छ ?

### १.४ शोध पत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेका छन् ।

- कक्षा ८ मा अध्यापन गर्ने शिक्षकहरुको व्याकरण शिक्षण कार्यकलाप क्षमताको पहिचान गर्नु,

- सिन्धुली जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुको व्याकरण शिक्षण कार्यकलाप क्षमताको पहिचान गर्नु,
- तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको व्याकरण शिक्षण कार्यकलापको क्षमता पहिचान गर्नु ।

### १.५ पूर्वकार्यको समीक्षा

पूर्वकार्यले भावी कार्यलाई दिशा-निर्देश गर्दछ । शीर्षक सम्बद्ध शोध-सम्बन्धी पूर्वकार्यहरु नभए पनि जे-जति छन्, तिनबाट प्रस्तुत शोधकार्यको लागि अवश्य नै सहयोग हुने देखिन्छ । विश्वविद्यालय अन्तर्गत नेपाली भाषा शिक्षासँग सम्बन्धित व्याकरणको खोज अनुसन्धानका पूर्वकार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तोयानाथ खनालद्वारा ‘कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएको शिक्षण विधिहरुको अध्ययन (अप्रकाशित शोधपत्र, त्रि. वि. शिक्षाशास्त्र संङकाय-२०५४) शीर्षकमा शिक्षकहरुले प्रयोग गरिएको प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुको तुलनात्मक अध्ययन र विश्लेषण गर्दा शिक्षक केन्द्रित शिक्षण विधि प्रयोग गरिएको, शैक्षिक सामग्री प्रयोग नगरिएको र व्याकरणात्मक पक्षमा ध्यान नदिएइको निष्कर्ष निकालिएको छ ।

लक्ष्मीप्रसाद ढकालद्वारा ‘कक्षा ५ मा कविता शिक्षणको लागि प्रयोग गरिएको शिक्षण विधिहरुको अध्ययन’ (अप्रकाशित शोधपत्र, त्रि.वि शिक्षाशास्त्र संङ्काय- २०५५) शीर्षकमा सामुदायिक विद्यालयका शिक्षकहरुले गरेको शिक्षण र संस्थागत विद्यालयका शिक्षकहरुले गरेको शिक्षण विधिमा एकरुपता नभएको निष्कर्ष निकालिएको छ ।

सीता सुवेदीद्वारा गरिएको 'कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण कार्यकलापको अध्ययन' (अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहचल, काठमाडौं-२०६०) शीर्षकमा दैनिक प्रयोगका सामग्री बाहेक अन्य सामग्रीको उपयोग नगरिएको, तालिम प्राप्त -अप्राप्त सबै शिक्षकहरुबाट निगमनात्मक विधिको मात्रै उपयोग गरिएको र गृहकार्यलाई पृष्ठपोषणका रुपमा प्रयोग नगरिएको निष्कर्ष निकालिएको छ ।

मीनामाया अंगाईद्वारा गरिएको 'कक्षा ९ मा गद्यविधा शिक्षण गर्दा अपनाइएको कार्यकलापको अध्ययन' (अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहचल, काठमाडौं-२०६०) शीर्षकमा तालिम प्राप्त शिक्षकहरुले दैनिक प्रयोगका सामग्रीका अतिरिक्त विषयवस्तुसँग सम्बन्धित अन्य सामग्री प्रयोग नगरिएको तथा मूल्याङ्कन पक्षलाई तालिम पाप्त र अप्राप्त शिक्षकहरु सबैले ध्यान दिन खोजिएपनि कक्षाकोठाको व्यवस्थापन चाहिं तालिम अप्राप्त शिक्षकहरुले गर्न नसकेको निष्कर्ष निकालिएको छ ।

किरण कोइरालाद्वारा गरिएको 'कक्षा १० मा व्याकरण शिक्षण गर्दा अनाइने कार्यकलापको अध्ययन' (अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग-२०६६) शीर्षकमा प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको आधारमा सामुदायिक विद्यालय र संस्थागत विद्यालयमा शिक्षण गर्ने सबै शिक्षकहरुले शैक्षिक योजना नबनाइएको, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा सिकाइ वातावरण उपयुक्त रहेको, सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षक भएर पनि सिकाइ उपलब्धिमूलक नभएको तर संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षक नभएता पनि सिकाइ उपलब्धिमूलक भएको निष्कर्ष निकालिएको छ ।

यसरी कक्षागत रुपमा शिक्षण कार्यकलापको अध्ययन गर्दा उपयुक्त किसिमले शिक्षण विधिको प्रयोग नगरिएको, विषयवस्तु अनुसार शैक्षिक सामग्री प्रयोग नभएको तालिम प्राप्त शिक्षक भएर पनि शिक्षण उपलब्धिमूलक हुन नसकेको तर संस्थागत विद्यालयमा तालिम अप्राप्त शिक्षक भएर पनि सिकाइ उपलब्धिमूलक भएको पाइएकोले व्याकरण शिक्षण गर्दा आगमनात्मक विधिको प्रयोग गर्नुपर्ने, विषयवस्तु सँग सम्बन्धित शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने र सामुदायिक विद्यालयहरुका शिक्षकहरुले आफूले लिइएको तालिमको उपयोग कक्षाकोठामा गर्नुपर्ने सुझाव दिइएको छ ।

## १.६ शोधको औचित्य

भाषा र व्याकरण एक अर्काका परिपूरक हुन् । भाषाबाट व्याकरणलाई र व्याकरणबाट भाषालाई अलग गर्न सकिदैन । भाषाको विकासमा व्याकरण र व्याकरणको विकासमा भाषा सापेक्ष भाषिक परिष्कार निर्भर रहने हुनाले आजको सन्दर्भमा नेपाली भाषा शिक्षण अन्तर्गत व्याकरणलाई पनि सँगसँगै लगिन्छ ।

भाषालाई स्तरीय एवम् व्यवस्थित गर्न व्याकरण शिक्षण गर्नु अनिवार्य देखिन्छ । व्याकरणले भाषालाई व्यवस्थित, शुद्ध, सम्प्रेष्य बनाउँछ । यस अध्ययनले व्याकरण शिक्षणको प्रयोजन, औचित्य, महत्व र उपयोगितालाई प्रस्ट रुपमा दर्शाइएको छ ।

व्याकरणको प्रयोगात्क तथा सैद्धान्तिक ज्ञान दिनका लागि शिक्षकहरुमा व्याकरणका तत्वहरु सिकाइनुको प्रयोजन के हो ? कसरी सिकाउने ? कुन व्याकरण तत्वहरु सिकाउँदा के-कस्ता शिक्षण सिकाइ कार्यकलाप अपनाउने भन्ने कुराको ज्ञान हुनु आवश्यक छ । कुनै पनि कुराको अध्ययनको आफ्नै महत्व हुन्छ । यस अध्ययनले भाषा तथा व्याकरण शिक्षण गर्ने शिक्षक र यसको अध्ययन गर्ने अध्येता, शिक्षार्थी एवम् सम्बन्धित जो कोहिलाई पनि सहयोग पुऱ्याउने निश्चित

छ । पाठ्यक्रमले तोकेको उद्देश्य पूरा गर्न पनि उचित शिक्षण सिकाइ कार्यकलाप हुनुपर्दछ । भाषा शिक्षकले विद्यार्थीहरुमा व्याकरण शिक्षण गर्दा के-कस्ता शिक्षण क्रियाकलाप प्रयोग गर्ने गरेका छन्, त्यसको ज्ञान हुनु आवश्यक छ । विद्यालय तहमा भाषाशिक्षण र व्याकरण शिक्षण गर्दा अपनाइने क्रियाकलापबीच के-कस्तो फरक पाइन्छ । तालिम प्राप्त र अप्राप्त शिक्षकहरुको शिक्षण कार्यबीचको विभेद के-कस्तो छ ? यो सबै पक्षको जानकारी हुन आवश्यक देखिन्छ । भाषिक सीपको अभिवृद्धिका साथै मानक तथा स्तरीय भाषाको प्रयोग गरी शिक्षण सिकाइ कार्यकलापमा प्रभावकारिता ल्याउनु आवश्यक हुन्छ । शिक्षकहरुलाई शिक्षणका सन्दर्भमा पृष्ठपोषण प्राप्त हुने र भावी शैक्षणिक रणनीति तयार गर्न समेत सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

यस शोध प्रतिवेदनको मुख्य विषयको रुपमा रहेको सिन्धुली जिल्लामा कक्षा ८ मा व्याकरण शिक्षणमा अपनाइएका शिक्षण कार्यकलापको अध्ययन र अनुसन्धान गरी निष्कर्ष निकाल्नु नै शोधको औचित्य स्वतः सिद्ध हुन्छ ।

**१७ शोधकार्यको सीमा**

समग्रमा सिन्धुली जिल्लाको सबै विद्यालयका कक्षा ८ मा अध्यापन गर्ने शिक्षकहरुबाट सामग्री संकलन असम्भव र अव्यवहारिक हुने भएकोले यसै जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका नेपाली विषयका १० जना शिक्षकहरुले भरेको प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त सूचनाहरुको विश्लेषणमा मात्र प्रस्तुत अध्ययन रहेको छ ।

उपर्युक्त सामुदायिक र संस्थागत विद्यालयको नाम निम्नानुसार प्रस्तुत गरिएको छ ।

**सामुदायिक विद्यालय**

१. श्री कौशिका उ.मा.वि. ग्वालटार

२. शारदा उ.मा.वि. बेखटांडी

३. बाल मा.वि.शुलिभञ्ज्याङ

४. प्रभात नि.मा.वि. देउरालीटार

५. श्री मङ्गला मा.वि. घोक्सिला

**संस्थागत विद्यालय :**

१. सूर्योदय मा.वि. रातमाटा

२. न्यू सिद्धस्थली इङ्गलिस बोर्डिङ रातमाटा

३. जनता मा.वि. रातमाटा

४. विद्याश्रम मा.वि. ढुंग्रेबास

५. न्यू इङ्गलिस बोर्डिङ मिलनचोक

## १.८. अध्ययन विधि

### १.८.१. जनसंख्या र प्रतिनिधि नमुना

प्रस्तुत अध्ययनका लागि समग्र सिन्धुली जिल्लाको प्रतिनिधित्व हुनेगरी सामुदायिक विद्यालयका ५ जना शिक्षक र संस्थागत विद्यालयका ५ जना शिक्षकहरुलाई प्रतिनिधि जनसंख्याको रुपमा लिइएको छ ।

### १.८.२. सामग्री निर्माण

प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन दुई किसिमका सामग्री निर्माण गरिएको छ । ती निम्नानुसार रहेका छन् :

**(क) प्रश्नावली :**

प्रश्नावली अन्तर्गत कक्षा ८ मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकका सामान्य सूचना, शिक्षकले शिक्षणका क्रममा निर्माण गरेका शैक्षिक सामग्री, शैक्षणिक योजना, कक्षा कार्यकलाप, शिक्षण गर्दा अपनाइएका विधिहरु, व्याकरण शिक्षणको प्रभावकारिता विद्यालयको शैक्षिक वातावरण जस्ता पक्षहरु समावेश गरिएको छ ।

**(ख) कक्षा अवलोकन फारम**

कक्षा ८ मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरुले कक्षा शिक्षण गर्दाका समयमा शोधकर्ता आफैं उपस्थित भई कक्षा अवलोकन फारम भर्ने काम गरिएको छ । यसक्रममा कक्षा अवलोकन फारममा कक्षाको सिकाइ वातावरण, शिक्षकको व्यक्तित्व, कक्षा शिक्षणको सुरुवात, पाठको प्रस्तुतीकरण, कक्षा कार्यकलाप, शैक्षिक सामग्री, शिक्षण विधि, गृहकार्य, विद्यार्थी मूल्याङ्कन, व्याकरण शिक्षणको प्रभावकारीता जस्ता पक्षहरुलाई समावेश गरिएको छ ।

### १.८.३. सामग्रीको पूर्व परीक्षण

शोध अध्ययनका लागि निर्माण गरिएका प्रश्नावली सिन्धुली जिल्लाका २ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयका ४ जना शिक्षकहरुलाई नमुनाका रुपमा भराउने कार्य गरियो । यसैगरी उक्त चारवटै विद्यालयमा कक्षा शिक्षणको क्रममा शोधकर्ता स्वयम् उपस्थित भई कक्षा अवलोकन गर्ने कार्य पनि गरियो । यसरी नमुना परीक्षण गरिसकेपश्चात शोध निर्देशकको निर्देशन अनुसार प्रश्नावली र कक्षा अवलोकन फारममा आवश्यक सुधार गरी अन्तिम तयारी गरियो ।

### १.८.४. सामग्रीको कार्यान्वयन

शोधकार्यका लागि तयार पारिएका सामग्रीको पूर्वपरीक्षण पश्चात शोधकार्यको अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि शोधकर्ता आफै नमुना छनोटमा परेका विद्यालयहरुमा उपस्थित भई कक्षा अवलोकन फाराम भरियो । त्यसैगरी उक्त विद्यालयहरुमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरुलाई प्रश्नावली भर्न लगाई त्यसबाट पनि तथ्य सङ्कलन गर्ने कार्य गरियो ।

### १.८.५. तथ्याङ्कको व्याख्या तथा विश्लेषण

शोध सामग्रीको कार्यान्वयन पश्चात प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन अध्ययनका क्रममा प्राप्त भएका तथ्यहरुलाई वर्णनात्मक प्रविधि अपनाएर व्याख्या तथा विश्लेषण गरियो । त्यसक्रममा प्राप्त भएका तथ्यहरुमध्ये शोधकार्यमा प्रत्यक्ष सहयोग पुग्ने सूचनाहरुलाई मात्र उपयुक्त अंश मानेर व्याख्या तथा विश्लेषण गरियो । शोध सामग्रीबाट प्राप्त तथ्यहरुलाई व्याख्या तथा विश्लेषण गर्नका लागि तिनीहरुलाई विभिन्न शीर्षक दिई तालिकामा आबद्ध गरियो । यसैगरी प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरुको प्रतिशत निकाल्ने र त्यसपछि उक्त प्रतिशतका आधारमा तुलना तथा व्याख्या विश्लेषण गरी निष्कर्ष सहित सुझाव प्रस्तुत गरियो ।

### १.९ शोध-पत्रको रुपरेखा

प्रस्तुत शोधपत्र अध्ययनको रुपरेखा यस प्रकार रहेको छ :

- पहिलो अध्याय - शोध परिचय
- दोश्रो अध्याय - व्याकरण शिक्षण : सैद्धान्तिक अवधारणा
- तेश्रो अध्याय - प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण
- चौथो अध्याय - कक्षा अवलोकनबाट प्राप्त तथ्यहरुको व्याख्या तथा विश्लेषण

- पाँचौ अध्याय - शिक्षक प्रतिक्रिया तथा कक्षा अवलोकनको तुलनात्मक विश्लेषण
- छैठौ अध्याय - निष्कर्ष र सुझाव
- सन्र्दभग्रन्थ सूची
- परिशिष्ट
- व्यक्तिगत विवरण

# अध्याय-२

# सैद्धान्तिक परिचय

## २.१ व्याकरणको परिचय

भाषा शिक्षणको लागि व्याकरण अति नै आवश्यक छ । व्याकरण बिनाको भाषा शिक्षण लङ्गडो हुन्छ । हरेक मानवीय आवश्यकता परिपूर्ति गर्ने माध्यम भाषा हो । भाषा मानवीय उच्चारण अवयवहरुद्धार उच्चारित यादृच्छिक वाक प्रतिकको व्यवस्था हो ।

कुनै पनि भाषा अभिव्यक्तिका रुपमा स्थापित हुँदा व्याकरण अन्तर्निहित भएर आएको हुन्छ । हरेक भाषामा वर्ण, पद, पदावली, वाक्य, अर्थको व्यवस्था हुन्छ । भाषाका यिनै नियम र अनुशासनलाई व्याकरण भनिन्छ । समयको गतिसँगै भाषामा पनि परिवर्तन भइरहेको हुन्छ । भाषा परिवर्तनसँगै यसलाई व्यवस्थित गर्ने काम व्याकरणले गरिराखेको हुन्छ । भाषाका पनि कथ्य र लेख्य गरि दुईरुप हुन्छन् । कथ्य र लेख्य भाषाको छुट्टा-छुट्टै अस्तित्व भइसकेपछि लेख्य वा मानक रुपको प्रयोगको लागि व्याकरणको आवश्यकता पर्दछ । व्याकरणले भाषाभित्र रहेका नियम बुझ्न र भाषालाई व्यवस्थित गर्न सहयोग पुग्दछ ।

व्याकरणको बारेमा अझ स्पष्ट पार्न विभिन्न शब्दकोष, व्याकरणकार तथा भाषाविदहरुको परिभाषाको आधारमा निम्नानुसार उल्लेख गरिन्छ ।

परम्परागत व्याकरण अनुसार “शुद्ध लेख्न सिकाउने शास्त्रलाई व्याकरण भनिन्छ” । यस्तै नेपाली वृहत शब्दकोष अनुसार “भाषाका वर्ण, रुप, शब्द, वाक्य आदिमा अन्तर्निहित भाषाको व्यवस्था भित्र रहेको नियमहरुको उदाहरण सहित व्याख्या भएको पुस्तक नै व्याकरण हो” । यसैगरी नेपाली शब्दसागर (२०५७) अनुसार “भाषाको शब्द, वाक्य आदिको शुद्धता निरुपण गर्ने नियम, शास्त्र वा विधा व्याकरण हो” । यस्तै नेपाली शब्दभण्डार (२०६२) अनुसार “शब्दको उत्पत्ति,

रुप, अर्थ विभाग र वाक्यको प्रयोग एवम् सम्बन्धको व्यवस्था गर्ने प्रक्रिया, शब्दशास्त्र, भाषातत्व व्याकरण हो" ।

यसरी विभिन्न विद्धानहरु तथा भाषाविदहरुले दिइएको परिभाषाहरुको अध्ययन पश्चात्त व्याकरणलाई भाषा शुद्ध एवम् व्यवस्थित गर्ने शास्त्रको रुपमा लिन सकिन्छ । व्याकरणले भाषालाई शुद्ध तथा मानक रुपमा प्रयोग गर्न सिकाउँछ । व्याकरण भित्र भाषाका रुपदेखि वाक्यसम्मका कुरा समेटिएका हुन्छन् ।

## २.२ व्याकरण शिक्षणको प्रयोजन

भाषा शिक्षणको लागि व्याकरणको महत्वपूर्ण भूमिका हुन्छ । भाषा र व्याकरण एक अर्कासँग सम्बन्धित हुन्छन् । तसर्थ भाषाशिक्षणको महत्वपूर्ण पक्ष व्याकरण शिक्षण हो । व्याकरणले भाषालाई शुद्ध बनाउने काम गर्छ । व्याकरण सिकाउनको प्रयोजन र तरिकाको सन्दर्भमा परम्परगत मान्यता र आधुनिक मान्यताबीच भिन्नता रहेको पाइन्छ । परम्परागत मान्यता अनुसार भाषा शुद्ध संग लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ । आधुनिक मान्यता अनुसार भाषा सिकिसकेपछि व्याकरण स्वत:सिकिन्छ भन्ने रहेको छ । यसर्थ व्याकरण भाषासँग अन्तरनिहित हुने भएकोले यसलाई भाषिक कुशलताको विकासका लागि उपयोगमा ल्याउने शाधनको रुपमा लिइएको पाइन्छ । भाषा विज्ञान अनुसार व्याकरणलाई भाषा विज्ञानको एक महत्वपूर्ण अङ्गको रुपमा स्वीकारिएको छ । यसको सहायताले स्वरुपगत एवम् वाक्यगत संरचनाको वर्णन र विश्लेषण गर्न सकिने धारणा अघि सारिएको छ । भाषाबिना व्याकरणको कल्पना पनि गर्न नसकिने भएकोले व्याकरणलाई भाषाबाट अलग गराएर जटिल तरिकाबाट शिक्षण गर्न खोजे भाषा शिक्षणमा कृत्रिमता मात्र नआई अवैज्ञानिक र अव्यवहारिक तरिका अवलम्बन गरेको स्पष्ट हुन्छ ।

व्याकरण शिक्षणको प्रमुख प्रयोजन विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञान दिनु मात्र नभई शिक्षण सिकाइको रुपमा आइपर्ने समस्याहरुको निराकरण गर्नु, सिकाइलाई सरल एवम् उपलब्धिमूलक बनाउनु, भाषा प्रयोजनको शुद्धता र उपयुक्त प्रति सचेत गराउनु, व्याकरणको नियमलाई भाषाको प्रयोजनसंग सम्वन्धित गराएर बुझ्ने क्षमताको विकास गर्न सक्ने बनाउनु आदि रहेको पाइन्छ ।

व्याकरण सैद्धान्तिक र नियममुलक भएकोले अन्य विधाको तुलनामा यसको सिकाइमा निरसता आउन सक्छ । व्याकरण शिक्षण गर्दा शिक्षकले विद्यार्थीको रुचि, चाहना, क्षमता र उमेर अनुसार शिक्षण विधि अवलम्वन गनुपर्छ । विद्यार्थीहरुमा पनि व्याकरणिक नियमहरु बुझ्नको लागि आवश्वयक भाषिक तथा व्याकरणिक पृष्ठभुमिको विकास भएको हुनुपर्छ । विद्यार्थीहरुलाई भाषिक व्यवस्थाको ज्ञान दिने, भाषिक व्यवस्थाप्रति सचेत गराउने, भाषिक नियम र विशेषता पत्ता लगाउने, शुद्ध भाषिक संरचना पत्ता लगाउने, भाषाको स्थानीय र मानक भेद बीचको संरचना छुट्याई मानक रुप प्रयोग गर्न सक्षम बनाउने जस्ता प्रयोजनको लागि व्याकरण शिक्षण गरिदै आएको पाइन्छ ।

कक्षा ८-मा पुगिसकेका विद्यार्थीहरुमा व्याकरणिक नियमहरु बुझ्नको लागि आवश्यक भाषिक पृष्ठभूमिको आधारमा विभिन्न विधिहरुको प्रयोग गरी व्याकरण शिक्षण गर्नु पर्छ । व्याकरणलाई सैद्धान्तिक रुपमा सिकाउनुभन्दा प्रयोगात्मक रुपमा सिकाउनु उपयोगी हुन्छ । कतिपय अवस्थामा भाषिक त्रृटिहरुलाई सुधार्न सैद्धान्तिक ज्ञान अपर्यात हुने हुनाले यस्ता अवस्थामा सैद्धान्तिक ज्ञान भन्दा प्रसङ्गपूर्ण प्रयोगात्मक अभ्यास नै उपयोगि हुन्छ ।

यसरी भाषामा हुने सही तथा गलत प्रयोगप्रति सचेतताको साथै उक्त प्रयोगको निरीक्षण पर्यवेक्षण एवम् विश्लेषण समेत गर्ने क्षमताको विकासको लागि व्याकरण शिक्षा उपयोगी ठानिन्छ ।

## २.३ व्याकरण शिक्षणका प्रमुख विधिहरु

### क. आगमन विधि

व्याकरण शिक्षणका लागि सबै भन्दा उपयुक्त र महच्त्वपूर्ण मानिएको छ - “आगमन विधि” यस विधिलाई आधुनिक विधि पनि भनिन्छ । यस विधि अनुसार शिक्षण गर्दा उदाहरणबाट नियम तर्फ गइन्छ ।

जस्तै- कालको कुनै एउटा पक्ष अर्थात अपूर्ण वर्तमान को बारेमा शिक्षण गर्नु परेमा निम्नानुसार शिक्षण गरिन्छ ।

क. म कथा पढ्दै छु ।

ख. श्याम विद्यालय जाँदै छ ।

ग. सरिता खेल्दै छिन् ।

प्रस्तुत उदाहरणमा धातु+दै+छु का रुप छन् । अर्थात प्रत्येक धातुमा तै, दै, तो, दो का साथ वर्तमान कालिन छु, छौ, छिन, छे, जस्ता रुपको प्रयोग भएको हुन्छ । यसरी बनेका वाक्य अपूर्ण वर्तमान काल हुन्छ । उपर्युक्त वाक्यमा वर्तमान समयमा काम पूरा नभई लगातार भइरहेको भन्ने बुझिन्छ । यस्ता वाक्य अपूर्ण वर्तमानकालिन वाक्य हुन् ।

यो विधि मूलतः उदाहरणमा आधारित भएकोले सरल, रोचक एवम् उपयोगी मानिन्छ । यस विधिले भाषिक अनुभवलाई बढी जोड दिन्छ । यस विधिमा व्याकरणको जुन तत्वको शिक्षण गर्ने हो सोही तत्वसँग सम्बन्धित प्रशस्त उदाहरणहरु दिएर विद्यार्थीहरुलाई नियम पहिल्याउन लगाइन्छ । यस विधिबाट शिक्षण गर्दा विद्यार्थीहरुमा सिर्जनात्मक क्षमताको विकास तथा खोजी गर्ने बानीको विकास हुन्छ ।

यस विधिमा ज्ञातकुराबाट अज्ञात कुरा सिकाउँदै लगिन्छ । यस विधि अनुसार शिक्षण गर्दा समय बढी लाग्ने र शिक्षकले पनि बढी परिश्रम गर्नुपर्ने भएपनि विद्यार्थीहरुमा उत्सुकता बढ्न जान्छ र शिक्षण प्रभावकारी एवम् उपलब्धिमूलक पनि हुन्छ । यस विधिको मुख्य उद्देश्य विद्यार्थीहरुलाई सक्रिय गराई आवश्यक परेमा उदाहरणहरुको माध्यमबाट नियम तथा परिभाषा पहिल्याउन सकुन् भन्ने हो ।

**ख. निगमन विधि**

यस विधिलाई व्याकरण शिक्षणको सबैभन्दा पुरानो विधि मानिन्छ । सिद्धान्तलाई सिकाइको पहिलो आधार मान्दै त्यसपछि प्रयोग पक्षमा जाने यो विधि परम्परागत शिक्षणमा निकै लोकप्रिय रहेको विधि हो । यस विधि अनुसार व्याकरण शिक्षण गर्दा सामान्यतः पहिले नियम वा सुत्र बताएर त्यसका आधारमा उदाहरण दिइन्छ र पृष्टि गरिन्छ ।

जस्तैः- अपूर्ण वर्तमानकालको शिक्षण गर्नुपर्दा निम्नानुसार शिक्षण गरिन्छ ।

अपूर्ण वर्तमानः- वर्तमान समयमा काम लगातार भइरहेको छ भने त्यसलाई अपूर्ण वर्तमान काल भनिन्छ ।

जस्तैः- म कथा पढ्दै छु ।

श्याम विद्यालय जाँदै छ ।

सीता खेल्दै छिन् ।

माथिको उदाहरणमा धातुका साथ दै+छु, छ, छिन् जस्ता रुप प्रयोग भएका छन् । यसरी अपूर्ण वर्तमान कालका धातुका साथमा तै, दै, तो, दो लागेको हुन्छ र वर्तमान कालिन छु, छौ, छिन्, छे, छस जस्ता रुपको प्रयोग भएको हुन्छ ।

यस विधिबाट शिक्षण गर्दा अज्ञात कुराबाट ज्ञात तर्फ जानुपर्ने हुन्छ । यसर्थ यस विधिलाई अव्यवहारिक, अवैज्ञानिक विधि मानिएको छ । व्याकरण

शिक्षणमा प्रचलित सुत्र विधि परिभाषा विधि, पाठ्यपुस्तक विधि जस्ता कुराले निगमनात्मक विधिलाई जनाउँछ । निगमन विधिको शिक्षणको रुपमा नियमीकरण, स्पष्टिकरण, उदाहरणीका हुदै अभ्यासमा गएर टुङ्गिन्छ । यस विधिले भाषाको प्रयोग पक्षलाईभन्दा सिद्धान्तलाई बढी जोड दिइएको हुन्छ । भाषिक विषेशतालाई शुत्रका माध्यमबाट सामान्यीकृत गर्दै लैजाने भएकोले यसलाई  बौद्धिक प्रकृतिको विधि भनिन्छ । व्याकरणका सामान्यीकृत धारणा बुझ्न नसक्ने बौद्धिक स्तर भएका विद्यार्थीको लागि यो विधि प्रभावकारी हुँदैन । यस विधिमा विद्यार्थीको क्षमतालाई त्यति ध्यान नदिइने भएकोले यस विधिलाई शिक्षक केन्द्रित विधि भन्न सकिन्छ । उच्च शिक्षा अध्ययनको लागि भने यो विधि उपयुक्त मानिन्छ ।

**ग. भाषा संसर्ग विधि**

भाषा र व्याकरण अलग-अलग रुपमा शिक्षण नगरी एकीकृत रुपले भाषाभित्रै व्याकरण शिक्षण गर्ने विधिलाई भाषा संसर्ग विधि भनिन्छ । यस विधिले व्याकरणको औपचारिक शिक्षण विधि नै भाषिक सीप विकास गर्न तथा भाषामा देखापर्ने त्रुटिहरुको निराकरण गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्दछ । व्याकरण शिक्षणको मुख्य उदेश्य भाषालाई व्याकरणात्मक दुष्टिकोणले त्रुटिरहित बनाउनु हो । यस विधिका प्रयोक्ताहरुले व्याकरण सम्मत भाषाको प्रयोगमा जोड दिइएको पाइन्छ ।  भाषा संसर्ग विधिमा विभिन्न श्रव्य, दृश्य सामग्रीको प्रयोग गरिन्छ ।

कक्षामा पनि भाषिक अभ्यासलाई बढी जोड दिइन्छ । यस विधिले व्याकरणको  शुद्ध,  स्तरीय र शिष्ट प्रयोगलाई बढी जोड दिइन्छ । भाषाको प्रसङग अनुकूल प्रयोगलाई मुख्य विषय ठानिन्छ । व्याकरणको औपचारिक शिक्षणले भने प्रसङ्ग अनुकूल भाषिक प्रयोगलाई वेवास्ता गर्न सक्छ । यस विधिको मुख्य उदेश्य पनि प्रयोग र अभ्यासद्धारा भाषाको व्याकरण सिक्नु हो । यसका लागि अलग्गै र औपचारिक पुस्तक आवश्यक हुँदैन । पहिलो र दोस्रो भाषा सिक्नको लागि प्रारम्भिक भाषा संसर्ग विधिलाई निकै महत्वपूर्ण मानिन्छ । भाषा

संसर्गद्धारा शिक्षार्थीमा भाषाको राम्रो विकास हुन सकेता पनि उसले जानेको भाषाको विश्लेषण गर्ने क्षमता नहुन सक्छ । भाषा सिकाइको लागि घरपरिवार, छरछिमेक तथा समुदायमा उपयुक्त भाषिक वातावरण नमिल्न सक्छ । तसर्थ यसले गर्दा शिक्षार्थीमा भाषाका कुनै त्रुटिहरु रहने सम्भावना हुन्छ । अतः शिक्षार्थीहरुलाई आफ्नो र अरुका भाषा प्रयोगमा भएका त्रुटिहरु औंल्याउने क्षमताको विकास गर्नका लागि व्याकरणको औपचरिक शिक्षण आवश्यक देखिन्छ ।

**घ. भाषा पाठयपुस्तक विधि**

व्याकरणलाई छुट्टै पुस्तकको रुपमा नराख्ने भाषा पाठयपुस्तक भित्रै समावेश गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ । भाषाको प्रयोजन भित्र व्याकरणको खोजी गर्नु यस विधिको मुख्य अभिप्राय हो । विं.सं.२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि भाषा शिक्षणको अभिन्न अङ्ग बनाउन भाषा पाठ्यपुस्तकका अभ्यास स्तम्भमा नै व्याकरण तत्वलाई समावेश गरिएको छ । यसबाट व्यवहारिक तथा प्रयोगात्मक पक्षलाई विशेष महत्व दिई अभ्यासलाई जोड दिने अपेच्छा राखेको बुझिन्छ । व्याकरणको छुट्टै पाठ्यपुस्तक नराखी भाषा पाठ्यपुस्तकद्धारा नै व्याकरण सिकाउनु को मुख्य आधार पनि भाषा भित्रै छ । भाषा व्याकरणबद्ध छ भन्ने दृष्टिकोण सँग सम्बन्धित छ ।

यो विधि माध्यमिक तहमा बढी उपयोगी हुन्छ । यस तहका विद्यार्थीहरुमा भाषा प्रयोगमा पूर्वानुभाव व्याकरणात्मक धारणाको विकास क्रमिक रुपमा वृद्धि भइरहेको हुन्छ । यसमा आगमन तथा निगमन दुवै विधिको विशेषता पाइन्छ । भाषाबाट व्याकरण सिक्नुपर्ने कुराले सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षको मिश्रण गरेको पाइन्छ । व्याकरणात्मक मान्यतालाई प्रयोगात्मक ढङ्गले सिकाउने कुरामा पाठ्यपुस्तकहरु उन्मुख हुन नै यस विधिको विशेषता मान्न सकिन्छ ।

# अध्याय तिन

# व्याख्या तथा विश्लेषण

## ३.१. परिचय

प्रस्तुत शोधपत्रमा शोधको उद्देश्य कक्षा ८ मा नेपाली व्याकरण शिक्षण गर्ने सिन्धुली जिल्लाका शिक्षकहरुले अपनाउने गरेका शिक्षण विधिहरुको सम्बन्धमा १० जना शिक्षकहरुबाट आवश्यक तथ्याङ्कहरुको सङ्कलन गरी प्रतिशतका आधारमा व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नानुसार उल्लेख गरिएको छ ।

## ३.२. प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण

सिन्धुली जिल्लाका कक्षा ८ मा व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरुलाई प्रश्नावली भराउँदा ती मध्ये ७ जना पुरुष र ३ जना महिला शिक्षकहरु छनौट गरियो । औसत उमेर ३३ वर्ष र सबै शिक्षकहरुको मातृभाषा नेपाली भएको पाइयो । अधिकांश शिक्षकहरुले कक्षा ६-१० सम्म नेपाली भाषा शिक्षण गर्ने गरेको पाइयो । सम्पूर्ण शिक्षकहरु मध्ये ७०% तालिम प्राप्त र ३०% तालिम अप्राप्त शिक्षकहरु भएको पाइयो ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरुलाई शैक्षिक योजना, शैक्षिक सामग्री, व्याकरण शिक्षण गर्दा अपनाउँदै आएका शिक्षण सिकाई कार्यकलापहरु तथा भाषा शिक्षण सिकाइ कार्यकलाप गरी ४ वटा पक्षमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

### ३.२.१. शिक्षण सिकाइ कार्यकलाप

शिक्षणका क्रममा शिक्षकले कक्षाभित्र गरिने सम्पूर्ण कार्यकलापलाई शिक्षण सिकाइ कार्यकलाप भनिन्छ । व्याकरण शिक्षण लाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउनका लागि विद्यार्थीहरुको रुचि, इच्छा, चाहना, क्षमता, उमेर र स्तरलाईसमेत ध्यान दिई विभिन्न कार्यकलाप अपनाउनु पर्ने हुन्छ । यस कार्यमा

सिन्धुली जिल्लाका कक्षा ८ मा व्याकरण शिक्षण गर्ने शिक्षकहरुले के कस्ता कार्यकलापहरु अपनाउने गरेका छन् ? ती शिक्षकहरुबाट व्यक्त गरेका प्रतिक्रियाहरुको व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ३.२.१.१. शब्दवर्ग शिक्षणका कार्यकलापहरु

शब्दवर्ग सम्बन्धी अवधारणाको विकास गराउनका लागि के कस्ता कार्यकलाप गर्नु भएको छ ? भनी प्रश्नावली भराउँदा शिक्षक प्रतिक्रियाको निष्कर्ष यसप्रकार रहयो :

**तालिका १: शब्दवर्ग शिक्षणका कार्यकलापहरु**

| क्र.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| १ | प्रत्येक शब्दवर्गको प्रशस्त उदाहरणहरु विद्यार्थीहरुलाई नै भन्न लगाउने । | ८०% | २०% | ०% | ०% |
| २ | प्रत्येक शब्दवर्गको परिभाषा विद्यार्थीहरुलाई भन्न लगाई शब्दवर्गको वर्गीकरण पनि गर्न लगाउने । | ४०% | ४०% | २०% | ०% |
| ३ | विद्यार्थीहरुलाई पाठ्यपुस्तकको कुनै अनुच्छेद पढ्न लगाई त्यहाँ भएका सबै शब्द वर्गका शब्द रेखाङ्कित गरी तिनीहरुकोवर्गीकरण गर्न लगाउने । | २५% | ५०% | २५% | ०% |
| ४ | शब्द वर्गको परिभाषा शिक्षक आफैले भनिदिने । | ४०% | ३०% | २०% | १०% |
| ५ | शिक्षक आफैले सबै समस्याको समाधान गरिदिने । | १०% | २५% | २५% | ४०% |

माथिको तालिका अनुसार शब्दवर्गको प्रशस्त उदाहरणहरु विद्यार्थीहरुलाई नै अधिकांश शिक्षकहरुले भन्न लगाउने गरेको पाइयो । धेरैजसो शिक्षकहरुले पाठका प्रयुक्त शब्दहरु टिप्न लगाई विद्यार्थी स्वयम्लाई वर्गीकरण गर्न लगाइएको पाइयो । यस्तै विद्यार्थीहरुलाई पर्याप्त अभ्यास गराउने र कहिलेकाहीं मात्र अभ्यास गराउने शिक्षकको प्रतिशतमा धेरै फरक पाइएन । यसका साथै सबै समस्याहरु शिक्षकहरुले नै समाधान गरेको चाहिं अत्यन्त न्यून पाइयो ।

### ३.२.१.२. काल र पक्ष शिक्षणका कार्यकलापहरु

काल र कालका पक्षसम्बन्धी धारणाको विकास गराउनको लागि शिक्षकहरुले गर्ने/गराउने गरेका विभिन्न कार्यकलापहरुको सम्बन्धमा दिइएका प्रश्नावलीबाट प्राप्त शिक्षक प्रतिक्रियाको निष्कर्ष यसप्रकार रह्यो :

**तालिका २: काल र पक्ष शिक्षणका कार्यकलापहरु**

| क्र.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | भूत र अभूतकाल तथा तिनीहरुको विभिन्न पक्ष जनाउने क्रियापदका प्रशस्त उदाहरणहरु पाठ्यपुस्तकका पाठबाट विद्यार्थीहरुलाई खोज्न र लेख्न लगाउने । | ५०% | ४०% | १०% | ०% |
| ख | विद्यार्थीहरुलाई नै काल र पक्षका परिभाषा, नियम र संरचना खोज्न, पढ्न र लेख्न लगाउने । | ६०% | ४०% | ०% | ०% |
| ग | शिक्षक आफैले काल र पक्षका प्रशस्त उदाहरणहरु बोर्डमा लेखिदिने र सबैको परिभाषा, नियम र संरचना बताइदिने । | ४०% | ४०% | २०% | ०% |

| क्र.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| घ | विद्यार्थीहरुलाई सबै काल र पक्ष जनाउने विभिन्न वाक्यहरु दिने र निर्देशनका आधारमा वाक्य परिवतर्न गर्न लगाउने । | ६०% | ४०% | ०% | ०% |
| ङ | विद्यार्थीहरुलाई कालका विभिन्न पक्ष प्रयोग गरी वाक्य बनाउन लगाउने । | ८०% | १०% | १०% | ०% |

माथिको तालिका अनुसार काल र पक्ष शिक्षण कार्यकलाप अन्तर्गत काल र तिनीहरुको पक्ष जनाउने क्रियापदका उदाहरणहरु पाठ्यपुस्तकका पाठबाट विद्यार्थीहरुलाई नै धेरैजसो शिक्षकहरुले खोज्न लगाउने गरेको पाइयो । यस्तै कालको परिभाषा नियम र संरचना खोज्न लगाई कालका विभिन्न पक्षको प्रयोग गरी वाक्य निर्माण गर्न लगाउने कार्य र कालका पक्षका बारेमा शिक्षक स्वयम्ले बताई दिन विभिन्न वाक्य दिएर निर्देशन अनुसार परिवर्तन गर्ने अभ्यास गराउने कार्य कहिलेकाहीं गरेको पाइयो । यस्तै सबै समस्याहरुको समाधान शिक्षक आफैले ज्यादै कम मात्रमा गर्ने गरेको पाइयो ।

### ३.२.१.३. मूल र व्युत्पन्न शब्द शिक्षण कार्यकलापहरु

सिन्धुली जिल्लाका कक्षा ८ मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरुले भरेको प्रश्नाबलीको आधारमा उनीहरुले मूल र व्यत्पन्न शब्द शिक्षण गर्दा अपनाउदै आएका कार्यकलापहरुको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका : ३ मूल र व्युत्पन्न शब्द शिक्षणका कार्यकलापहरु**

| क.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क. | मूल र व्युत्पन्न शब्दको परिभाषा शिक्षक आफैले बताइदिने । | २०% | ६०% | २०% | ०% |
| ख. | मूल र व्युत्पन्न शब्दका प्रशस्त उदाहरणहरु शिक्षक स्वयम्ले बताइदिने । | ४०% | ६०% | ०% | ०% |
| ग | विद्यार्थीहरुलाई विभिन्न व्युत्पन्न शब्द दिएर निर्माण प्रक्रिया बताउन लगाउने । | ६०% | ४०% | ०% | ०% |
| घ | उपसर्ग र प्रत्यय लागेका विभिन्न शब्दहरु विद्यार्थीलाई निर्माण गर्न लगाउने । | ७०% | ३०% | ०% | ०% |
| ङ | शिक्षक आफैले व्युत्पन्न शब्दहरु निर्माण गरी देखाइदिने । | २०% | ६० % | २० % | |
| च | पाठमा प्रयुक्त कृदन्त तथा तद्धितान्त शब्दहरु खोज्न लगाउने र निर्माण प्रक्रिया देखाउन लगाउने । | ७० % | ३० % | ० % | ० % |
| छ | शिक्षक आफै सबै समस्याको समाधान गरिदिने । | ० % | ४० % | ३० % | ३० % |

माथिको तालिका अनुसार मूल र व्युत्पन्न शब्द शिक्षण कार्यकलापमा विद्यार्थीहरुलाई नै मूल र व्युत्पन्न शब्दका प्रशस्त उदाहरण र परिभाषा भन्न लगाउने, विद्यार्थीहरुलाई विभिन्न व्युत्पन्न शब्द दिएर निर्माण प्रक्रिया बनाउन

लगाउने, उपसर्ग र प्रत्यय लागेका शब्दहरु निर्माण गर्न लगाउने जस्ता कार्यहरु धेरैजसो गराउने गरेको पाइयो भने शिक्षक स्वयमले मूल र व्युत्पन्न शब्दका उदाहरण र परिभाषा बताई दिनुका साथै शब्दहरु निर्माण गरी कहिलेकाही मात्र बनाई दिने र सबै समस्याको समाधान शिक्षक आफैले ज्यादै कम मात्रामा गरेको पाइयो ।

### ३.२.१.४. वाक्य र वाक्य निर्माण शिक्षणका कार्यकलापहरु

वाक्य र वाक्य निर्माण सम्बन्धी धारणाको विकास गराउनको लागि शिक्षकहरुले गर्ने गराउने गरेको विभिन्न कार्यकलाप सम्बन्धमा दिइएको प्रश्नावली माध्यमबाट प्राप्त शिक्षक प्रतिक्रियाको निष्कर्ष यसप्रकार रहयो :

**तालिका ४: वाक्य र वाक्यनिर्माण शिक्षण कार्यकलापहरु**

| क्र.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | विद्यार्थीहरुलाई विभिन्न प्रकारका वाक्यका उदाहरणहरु र भन्न र लेख्न लगाउने । | ७०% | २० % | १० % | ० % |
| ख | विद्यार्थीहरुलाई विभिन्न प्रकारको वाक्यको परिभाषा भन्न लगाउने । | २० % | ७० % | १० % | ० % |
| ग | शिक्षक आफैले वाक्य र वाक्यका प्रकारका बारेमा परिभाषा तथा उदाहरण बताइदिने । | ३० % | ६० % | १० % | ० % |
| घ | पाठमा निर्दिष्ट वाक्यहरु खोज्न लगाउने । | ६० % | २० % | २० % | ०% |
| ङ | विभिन्न प्रकारका वाक्यमा पाइने विभिन्न उदाहरण सहित प्रष्ट्याउन लगाउने | ३० % | ७० % | १० % | ० % |
| च | शिक्षक आफैले वाक्यको भिन्नता प्रष्ट्यादिने | ० % | ९०% | १० % | ० % |
| छ | शिक्षक आफैले सबै समस्याको समाधान गरिदिने | ० % | ३० % | ७० % | ० % |

माथिको तालिका अनुसार वाक्य र वाक्य निर्माण प्रक्रियाको शिक्षण गर्दा अधिकांश शिक्षकहरुले विद्यार्थीहरुलाई विभिन्न प्रकारका वाक्यका उदाहरणहरु भन्न र लेख्न लगाउने विभिन्न प्रकारका वाक्यहरु खोज्न लगाउने, विभिन्न किसिमका वाक्यमा पाइने भिन्नता उदाहरण दिएर वताउन लगाउने जस्ता कार्यकलापहरु धेरै जसो शिक्षकहरुले गराउने गरेको पाइयो । त्यसैगरि सबै समस्याहरुको समाधान शिक्षक आफैले गरेको ज्यादै कम मात्रामा पाइयो ।

### ३.२.१.५. पदसङ्गति शिक्षण कार्यकलाप

पदसङगति सम्बन्धि अवधारणाको विकासको लागि के कस्तो कार्यकलापहरु गर्दै आउनु भएको छ ? भनी प्रश्नावली भराउँदा प्राप्त तथ्याङ्क विश्लेषणको निष्कर्ष यसप्रकार रह्यो :

**तालिका ५: पदसङगति शिक्षण कार्यकलापहरु**

| क.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | लिङ्ग, वचन, पुरुष, र आदार नमिलेको वाक्य लेख्ने र विद्यार्थीहरुलाई वाक्य मिलाउन लगाउने । | ६०% | ४० % | ० % | ० % |
| ख | पदसङ्गति मिलेका र नमिलेका वाक्यहरुको उदाहरणहरु दिने । | ४० % | ६० % | ० % | ० % |
| ग | विद्यार्थीहरुलाई पदसङगतिको परिभाषा भन्न लगाउने । | ५० % | ४० % | १० % | ० % |
| घ | शिक्षक आफैले पदसङगतिको परिभाषा बनाइदिने । | १० % | ५० % | २० % | २० % |
| ङ | विद्यार्थीहरुलाई पाठ्यपुस्तकका अभ्यासमा दिइएका वाक्यमा प्रशस्त अभ्यास गराउने । | ७० % | २० % | १० % | ० % |
| च | विद्यार्थीहरुलाई लिङ्ग वचन, पुरुष र आदार मिलाएर कुनै एक राष्ट्रिय व्यक्तिका बारेमा २,४ अनुच्छेद लेख्न लगाउने । | ५० % | २० % | २० % | १० % |

माथिको तालिका अनुसार पदसङगति सम्बन्धी शिक्षण गर्दा विद्यार्थीलाई बढी सक्रिय बनाई अभ्यासमा जोड दिने गरेको पाइयो । विद्यार्थीहरुको सहभागितामा अभिवृद्धि हुने कार्यकलापहरु धेरैजसो गरेको पाइयो । साथै शिक्षक आफैले सबै कुरा बताइदिने कार्य न्यून रहेको पाइयो ।

### ३.२.१.६. भाव र भावका प्रकार शिक्षण कार्यकलाप

भाव र भावको प्रकार सम्वन्धी शिक्षण गर्दा कक्षा कोठा भित्र के कस्तो कार्यकलाप गुर्न भएको छ भनी व्याकरण शिक्षण गर्ने शिक्षकहरुलाई प्रश्नावली भराउँदा उनीहरु बाट प्राप्त प्रतिक्रिया यस प्रकार रहयो :

**तालिका ६: भाव र भावका प्रकार शिक्षणका कार्यकलाप**

| क.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | विद्यार्थीहरुलाई भावको उदाहरण परिभाषा र प्रकार बताउन लगाउने । | ६०% | २० % | २० % | ० % |
| ख | शिक्षक आफैंले भावको परिभाषा, प्रकार र उदाहरण बताइदिने । | १० % | ८० % | १० % | ० % |
| ग | विभिन्न खालका भाव बुझाउने वाक्य दिएर विद्यार्थीहरुसँग भावका बारेमा छलफल गर्ने । | ८० % | २० % | ० % | ० % |
| घ | विद्यार्थीहरुलाई विभिन्न भाव बुझाउने वाक्य भन्न र लेख्न लगाउने । | ७० % | २० % | १० % | ० % |
| ङ | सबै किसिमका भावको प्रयोग गरी ५/५ वटा वाक्य बनाउन लगाउने । | ७० % | ३० % | ० % | ० % |

माथिको तालिका अनुसार भावको शिक्षण गर्दा सबैजसो कार्यकलापहरुमा विद्यार्थी सहभागी भएको पाइयो । विद्यार्थीहरुलाई सक्रिय बनाई विभिन्न भावका उदाहरणहरु दिन, परिभाषा भन्न लगाउने गरेको पाइयो । विद्यार्थी सक्रियता तथा सहभागिताका दृष्टिले उपयोगी विभिन्न कार्यकलापहरु धेरैजसो गराउने गरेको पाइयो । शिक्षक आफैले सबै कुरा बताउने कार्य न्यून रहेको पाइयो ।

### ३.२.१.७. समास सम्बन्धी शिक्षण कार्यकलाप

समास सम्बन्धी शिक्षण कार्यकलाप गर्दा शिक्षकहरुले अपनाउने गरेको विभिन्न कार्यकलाप सम्बन्धमा दिइएको प्रश्नावलीको माध्यमबाट प्राप्त शिक्षक प्रतिक्रियाको निष्कर्ष यस प्रकार रह्यो :

**तालिका ७: समास सम्बन्धी शिक्षण कार्यकलाप**

| क.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | समास र समासको प्रकारको परिभाषा र उदाहरण विद्यार्थी हरुबाट लिने । | ६०% | २० % | २० % | ० % |
| ख | विभिन्न प्रकारको समासको उदाहरण दिएर समास छुट्याउन लगाउने । | ७० % | २० % | १० % | ० % |
| ग | समस्त शब्दलाई विग्रह गर्न लगाउने । | ७० % | २० % | १० % | ० % |
| घ | विद्यार्थीहरुलाई समस्त शब्द निर्माण गर्न र विग्रह गर्न प्रशस्त अभ्यास गराउने । | ८० % | २० % | ० % | ० % |
| ङ | विद्यार्थीहरुलाई विभिन्न प्रकारका समासहरु छुट्याउन लगाउने । | ८० % | २० % | ० % | ० % |
| च | शिक्षक आफैले सबै समस्याको समाधान गरिदिने । | १० % | ४० % | ३० % | १० % |

माथिको तालिका अनुसार समास र समासको प्रकार शिक्षण गर्दा अधिकांश शिक्षकहरुले विद्यार्थीहरुलाई समासको परिभाषा र उदाहरणहरु बताउन लगाउने गरेको, विद्यार्थीहरुलाई उदाहरणहरुको प्रशस्त अभ्यास गराइएको, समस्त शब्दलाई विग्रह र विग्रहलाई समस्त शब्द बनाउन प्रशस्त अभ्यास गर्न लगाइएको पाइयो । यस्तै उदाहरणको प्रशस्त अभ्यास गराइएपछि समासका प्रकार पनि छुट्याउन लगाउने जस्ता कार्यहरु गरेको पाइयो । समास र समासका प्रकारको परिभाषा तथा उदाहरण शिक्षक आफैले चाहिं कहिलेकाहीं बताइदिने गरेको पाइयो ।

### ३.२.१.८. वर्णविन्यास शिक्षणका कार्यकलापहरु

वर्णविन्यास शिक्षण गर्दा के कस्ता कार्यकलापहरु गर्दै गराउँदै आउनु भएको छ भनी प्रश्नावली भराउँदा प्राप्त तथ्याङ्को निष्कर्ष यसप्रकार रहयो :

**तालिका ८ वर्णविन्यास शिक्षणका कार्यकलापहरु**

| क.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | वर्ण विन्यासको परिचय तथा आवश्यकता सम्वन्धमा विद्यार्थीहरुसँग छलफल गर्ने । | ६०% | ३०% | १०% | ०% |
| ख | विद्यार्थीहरुलाई श्रृतिलेखन गराउने । | ७०% | २०% | १०% | ०% |
| ग | विद्यार्थीहरुलाई वर्णविन्यासका दृष्टिले कठिन अनुच्छेद तथा पाठका अंशहरु तोकी सार्न लगाउने । | ७०% | ३०% | ०% | ०% |
| घ | विद्यार्थीहरुले लेखेको शुद्धिकरण गरिदिने । | ७०% | ३०% | ०% | ०% |
| ङ | विर्णविन्यास नियम लागेका शब्दहरुका प्रशस्त उदाहरणहरु विद्यार्थीहरुलाई भन्न लगाउने । | ६० % | ३० % | १० % | ० % |
| च | वर्णविन्यासको परिचय दिदै यसको आवश्यकता र नियम सम्वन्धमा विद्यार्थी, शिक्षक बीच अन्तरक्रिया गर्ने । | ५० % | ३० % | २० % | ० % |
| छ | शिक्षकले विद्यार्थीहरुलाई वर्णविन्यास सम्बन्धमा पर्याप्त अभ्यास गराउने । | ८०% | २० % | ० % | ० % |

माथिको तालिका अनुसार विर्णविन्यास शिक्षण गर्दा विर्णविन्यासको बारेमा शिक्षक विद्यार्थी बीच अन्तरक्रिया गर्ने, विद्यार्थीहरुलाई वर्णविन्यासको नियम लागेका शब्द भन्न र लेख्न लगाउने  साथै विद्यार्थीहरुलाई प्रशस्त अभ्यास गराउने जस्ता कार्यकलाप धेरैजसो गर्ने गरेको पाइयो भने वर्णविन्यास सम्बन्धी समस्याहरु शिक्षक आफैले ज्यादैकम मात्रमा समाधान गरेको पाइयो ।

### ३.२.१.९. शब्दभण्डार शिक्षण कार्यकलापहरु

शब्दभण्डारको ज्ञानमा अभिवृद्धिको लागि के कस्तो कार्यकलापहरु गर्दै गराउँदै आउनु भएका छ भनी प्रश्नावली भराउँदा प्राप्त तथ्याङ्कको विश्लेषणको नतिजा यस प्रकार रह्यो :

**शब्दभण्डार शिक्षण कार्यकलापहरु**

| क्र.सं. | कार्यकलापहरु | धेरैजस्सो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | पाठमा प्रयुक्त शब्द भण्डारको छलफल गर्ने | ५०% | २० % | २० % | १० % |
| ख | प्रस्तुत शब्दहरुको अर्थ र प्रयोगको बारेमा विद्यार्थीलाई ज्ञान दिने | ६० % | ३० % | १० % | ० % |
| ग | विद्यार्थीलाई विभिन्न अर्थ दिने शब्दहरुका उदाहरण भन्न लगाउने र त्यस्ता शब्दका परिभाषा समेत बताउन लगाउने । | ५० % | ३० % | १० % | १० % |
| घ | शिक्षक आफैले विभिन्न अर्थ दिने शब्दका परिभाषा तथा उदाहरण बताइदिने | ४० % | ३० % | २० % | १० % |

| क्र.सं. | कार्यकलापहरु | धेरैजस्सो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| ङ | विद्यार्थीलाई पर्यायवाची, विपरीतार्थक, श्रृतिसभिन्नार्थक, अनेकार्थ शब्दहरुको सूची बनाउन लगाउने । | ६०% | ३० % | १० % | ० % |
| च | शिक्षक आफैंले विभिन्न शब्दहरुको तालिका बनाई देखाइदिने | ५० % | ३० % | २० % | १० % |
| छ | शिक्षक आफैंले सम्पूर्ण समस्याको समाधान गरिदिने | ० % | ४० % | ३० % | ३० % |

माथिको तालिका अनुसार शब्द भण्डार शिक्षण गर्दा अधिकांश शिक्षकहरुले पाठमा प्रयुक्त शब्द भण्डारबारे विद्यार्थीसँग छलफल गर्ने, प्रस्तुत शब्दका अर्थ र प्रयोगबारे विद्यार्थीहरुलाई ज्ञान दिने, विद्यार्थीहरुलाई विभिन्न अर्थ दिने शब्दहरुका उदाहरण भन्न लगाउने र त्यस्ता शब्दको परिभाषा समेत बनाउन लगाउने, श्रृतिसमभिन्नार्थक, अनेकार्थ शब्दहरुको सूची बनाउन लगाउने जस्ता कार्यकलापहरु धेरै जसो गरेको पाइयो भने अन्य कार्यकलापहरु ज्यादैकम मात्रामा गर्ने गरेको पाइयो ।

### ३.२.१.१०. धातु र अनुकरणात्मक शब्द शिक्षणका कार्यकलापहरु

धातु र अनुकरणात्मक शब्द सम्बन्धी शिक्षण कसरी गराउदै आउनु भएको छ भनी पश्नावली भराउँदा प्राप्त तथ्याङ्क विश्लेषणको नतिजा यस प्रकारको रहयो :

**तालिका १०: धातु र अनुकरणात्मक शब्द शिक्षणका कार्यकलापहरु**

| क.सं. | कार्यकलापहरु | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क | धातुका उदाहरणहरु विद्यार्थीहरुलाई भन्न लगाउने | ७०% | ३० % | ० % | ० % |
| ख | विद्यार्थीहरुलाई उदाहरण सहित अनुकरणात्मक शब्दको परिभाषा भन्न लगाउने | ६० % | ३० % | १० % | ० % |
| ग | विद्यार्थीहरुलाई अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने | ३० % | ६० % | १० % | ० % |
| घ | सम्वन्धित पाठ बाट धातु र अनुकरणात्मकशब्दहरु विद्यार्थीहरुलाई टिप्न लगाउने । | ५० % | ४० % | १० % | ० % |
| ङ | विद्यार्थीहरुलाई प्रशस्त अभ्यास गराउने | ८० % | २० % | ० % | ० % |
| च | सबै समस्याहरु शिक्षक आफैले समाधान गरिदिने | ० % | ४० % | ६० % | ० % |

माथिको तालिका अनुसार धातु र अनुकरणात्मक शब्दहरुको उदाहरण सहित परिभाषा दिन विद्यार्थीलाई लगाइएको पाइयो । यस्तै विद्यार्थीहरुलाई पाठमा प्रयुक्त अभ्यास प्रशस्त गराई अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्न लगाइएको धेरैजसो पाइयो भने शिक्षक आफैले समस्याको समाधान गरेको ज्यादैकम पाइयो ।

### ३.२.१.११. समग्रमा व्याकरण तत्वको शिक्षण कार्यकलाप

सिन्धुली जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ८मा शिक्षण गर्ने शिक्षकहरुलाई भराएको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको आधारमा सम्पूर्ण व्याकरण तत्वहरुको शिक्षण गर्दा शिक्षकले अपनाउने गरेको कार्यकलापलाई समग्रमा विश्लेषण गरी निकालिएको तथ्याङ्क निम्नानुसार देखाइएको छ ।

**तालिका : ११ समग्रमा व्याकरण तत्वको शिक्षण कार्यकलाप**

| **क्र.सं.** | **कार्यकलापहरु** | **धेरैजसो** | **कहिलेकाहीं** | **गरिदैन** |
|---|---|---|---|---|
| क. | शिक्षकद्वारा प्रशस्त उदाहरणहरु प्रस्तुत गरिएको । | ४०% | ६० % | ० % |
| ख. | नयाँ धारणको अर्थ स्पष्ट पार्ने काम गरिएको । | ३० % | ५० % | २० % |
| ग. | विद्यार्थीहरुलाई पर्याप्त अभ्यास गराउने गरेको । | ७० % | ३० % | ० % |
| घ. | सिकाइको लागि विद्यार्थीको सहभागिता गराइएको । | ६० % | ४० % | ० % |
| ङ. | विद्यार्थीसंग छलफल गरिएको | ६० % | ४० % | ० % |
| च. | समय समयमा मूल्याङ्कन गरेको | ६० % | ३० % | १० % |
| छ. | सबै समस्याको समाधान शिक्षक आफैले गरेको | २० % | ६० % | २० % |
| ज. | विद्यार्थी मूल्याङ्कनको अभिलेख राखेको । | ४० % | ५० % | १० % |

माथिको तालिका अनुसार शिक्षकले व्याकरण तत्वको शिक्षण गर्दा समग्रमा शिक्षणका क्रममा अपनाउने गरेका कार्यकलापहरुमध्ये विद्यार्थीहरुलाई नै उदाहरण भन्न लागाउने, प्रयुक्त पाठ्यवस्तुको अभ्यास प्रशस्त गराउने, समय-समयमा मूल्याङ्कन गर्ने जस्ता कार्यकलाप धेरैजसो शिक्षकहरुले गरेको पाइयो भने केही शिक्षकहरुले मात्र कहिलेकाहीं गरेको पाइयो । शिक्षणका क्रममा शैक्षिक सामग्रीको त्यति प्रयोग नगरिएको र विद्यार्थी मूल्यांकन अभिलेख पनि कमै मात्रामा राखेको पाइयो ।

### ३.२.१.१२. शिक्षण विधि

विद्यार्थीहरुको रुचि, इच्छा, चाहना, क्षमता, स्तर आदि पक्षको विचार गरी शिक्षण गरेमा शिक्षण प्रभावकारी एवम् उपलब्धिमूलक हुन्छ । यसर्थ व्याकरण तत्वको शिक्षण गर्दा के-कस्ता विधिहरु प्रयोग गर्दै आउनु भएको छ भनी प्रश्नावली भराउँदा प्राप्त तथ्याङ्क विश्लेषण नतिजा यसप्रकार रह्यो :

**तालिका १२: शिक्षण विधि**

| क्र.सं. | विधि | प्रतिक्रिया | | |
|---|---|---|---|---|
| | | धेरैजसो | कहिलेकाहीं | गरिदैन |
| १ | आगमन विधि | ७०% | ३०% | ०% |
| २ | निगमन विधि | २०% | ८०% | ०% |
| ३ | भाषा संसर्ग विधि | १०% | २०% | ७०% |
| ४ | भाषा पाठ्यपुस्तक विधि | ६०% | ४०% | ०% |

माथिको तालिका अनुसार व्याकरण तत्वहरुको शिक्षण गर्दा आगमन विधिको धेरैजसो प्रयोग गर्ने ७०% र ज्यादै कम प्रयोग गर्ने ३०% शिक्षकहरु रहेको पाइयो । त्यस्तै निगमन विधिको धेरैजसो प्रयोग गर्ने २०% र ज्यादै कम प्रयोग

गर्ने ८०% शिक्षकहरु रहेको पाइयो । यसैगरी भाषा संसर्ग विधि धेरैजसो प्रयोग गर्ने १०%, ज्यादै कम प्रयोग गर्ने २०% र गर्दै नगर्ने ७०% शिक्षकहरु पाइयो भने भाषा पाठ्यपुस्तक विधि धेरैजसो प्रयोग गर्ने ६०% र ज्यादैकम प्रयोग गर्ने ४०% शिक्षकहरु पाइयो ।

## ३.३. व्याकरण तत्व शिक्षणको प्रभावकारिता

व्याकरण तत्वहरुको शिक्षण कसरी गरिएमा प्रभावकारी हुन सक्छ भनी सोधिएको प्रश्नको उत्तरमा ८०% शिक्षकहरुले मात्र सुझाव दिइएको पाइयो । उक्त सुझावमा अधिकांश शिक्षहरुले आगमन विधिको प्रयोग गरिनुपर्ने, शैक्षिक सामग्री पर्याप्त निर्माण गरिनु पर्ने, विद्यार्थीहरुलाई जतिसक्दो बढी अभ्यास गराउनुपर्ने, शिक्षण क्रियाकलापमा सबै विद्यार्थीहरुलाई सहभागी गराउनु पर्ने जस्ता सुझावहरु दिइएको पाइयो ।

## ३.४. विद्यालय वातावरण

विद्यालयको वातावरणले शिक्षण कार्यमा कस्तो प्रभाव पारेको छ भनी सोधिएको प्रश्नको उत्तरमा ५०% शिक्षकहरुले मात्र विद्यालय वातावरणले शिक्षणमा असजिलो भएको कुरा बताए । ती मध्ये १०% शिक्षकले ध्वनि प्रदुषणले, १०% शिक्षकले शैक्षिक सामग्रीको अभावले, १०% शिक्षकले आर्थिक श्रोतको अभावले र २०% शिक्षकले विद्यालयमा कक्षा र विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी कम हुनाले गृहकार्य जाँच्न तथा पाठयोजना तयार गर्न असजिलो भएको कुरा बताए ।

# अध्याय चार

# कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

यस परिच्छेदमा अवलोकन गरिएको कक्षा शिक्षणका विभिन्न पक्षहरुको व्याख्या तथा विश्लेषण गरिएको छ । अवलोकन गरिएको कक्षा ८ का १० वटा विद्यालयहरुका १० जना शिक्षकहरुको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त तथ्यको आधारमा शिक्षणको क्रममा शिक्षकहरुले प्रयोग गरेका शिक्षणका विविध पक्षहरुलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.२ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण

यस उपखण्डमा कक्षा ८ मा नेपाली व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरुको कक्षा अवलोकन कार्य शोधकर्ताबाट गरी प्राप्त भएका तथ्यहरुको आधारमा शिक्षणका विभिन्न पक्षको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

कक्षा अवलोकनको क्रममा कक्षा ८ मा नेपाली भाषापाठ्यपुस्तकमा समावेश भएका व्याकरण खण्डको शिक्षण गर्दाको अवस्थामा कक्षा अवलोकन गरियो । यसरी व्याकरण शिक्षणका १० वटा कक्षा अवलोकन गरी तथ्याङ्क संकलन गरियो । तथ्याङ्क संकलन गर्ने क्रममा सिन्धुली जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका कक्षा ८ मा व्याकरण शिक्षण गर्ने शिक्षकहरुको कक्षा अवलोकन गरियो ।

कक्षा अवलोकलनबाट प्राप्त तथ्याङ्कहरुको आधारमा अवलोकन फारममा उल्लेख भएअनुसार शिक्षणका विभिन्न पक्षहरुलाई निम्नअनुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.२.१ सिकाइ वातावरण

**तालिका १३ सिकाइ वातावरण**

| क.स. | सिकाइ वातावरण | छ | छैन |
|---|---|---|---|
| क. | प्रत्येक विद्यार्थीसम्म पुग्न सक्नेगरी कक्षामा बस्ने व्यवस्था मिलाइएको । | ८०% | २० % |
| ख. | कमजोर विद्यार्थीलाई वढी ध्यान दिन सकिने अवस्था भएको । | ७० % | ३० % |
| ग. | शिक्षणका क्रममा शिक्षक र विद्यार्थीहरु बीच अन्तरक्रिया भएको । | ४० % | ६० % |
| घ. | कक्षा कोठाका भित्तामा शैक्षिक समग्री झुन्ड्याइएको | ३० % | ७० % |
| ङ. | विद्यालय छुट्टीपछि कक्षा कोठाको झ्याल ढोका बन्द गर्ने व्यवस्था भएको । | ४० % | ६० % |

प्रस्तुत तालिका अनुसार कक्षा अवलोकन गरिएका विद्यालयहरु मध्ये ८० % विद्यालयमा विद्यार्थी बसाई व्यवस्था मिलाइएको पाइयो भने ७० % विद्यालयहरुले कमजोर विद्यार्थीहरुलाई बढी ध्यान दिन सकिने व्यवस्था मिलाइएकोले यो पक्ष सन्तोषजनक देखिन्छ । यस्तै कक्षा कोठामा शैक्षिक कामग्री सजाउने र विद्यालय छुट्टीपछि कक्षा कोठा बन्द गर्ने व्यबस्था धेरैजसो विद्यालयमा मिलाउन नसकेको पाइयो ।

### ४.२.२ शिक्षण विधि

कक्षा ८ मा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरुबाट प्रयोग गरिएको शिक्षण विधि कक्षा अवलोकन पश्चात प्राप्त भएको तथ्यलाई तलको तालिकामा देखाइएको छ :

**तालिका १४ शिक्षण विधि**

| क.स. | शिक्षण विधि | कक्षा अवलोकनको स्थिति |
|---|---|---|
| क. | आगमन विधि | ३०% |
| ख. | निगमन विधि | ४०% |
| ग. | भाषा संसर्ग विधि | ०% |
| घ. | भाषा पाठ्यपुस्तक विधि | ३०% |

प्रस्तुत तालिकामा ३०% शिक्षकले आगमन विधि, ४०% शिक्षकले निगमन विधि, ३०% शिक्षकले भाषा पाठ्यपुस्तक विधि र भाषा संसर्ग विधि कुनै पनि शिक्षकले प्रयोग नगरिएको पाइयो । यसरी गरिएको शिक्षणका क्रममा आगमन विधि प्रयोग गर्दा पाठ्यांशका विषयवस्तु कम मात्र  शिक्षण भएको, निगमन विधि प्रयोग गर्दा पाठ्याशंको विषयवस्तु बढी शिक्षण भएको र भाषापाठ्यपुस्तक विधि प्रयोग गर्दा निगमन विधिको तुलनामा कमै पाठ्यवस्तु शिक्षण भएको पाइयो ।

### ४.२.३ शिक्षकको व्यक्तित्व

**तालिका १५ शिक्षकको व्यक्तित्व**

| क.स. | शिक्षकको व्यक्तित्व | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | सफा सुग्घर | ६०% | ३० % | १० % |
| २ | आत्मविश्वास | ७० % | ३० % | ० % |
| ३ | मिलनसार | ८० % | २० % | ० % |
| ४ | बोली स्पष्ट | ८० % | २० % | ० % |
| ५ | भाषाको शुद्धता | ६० % | ३० % | १० % |

माथिको तालिका अनुसार कक्षा अवलोकनका क्रममा अधिकांश शिक्षकहरुको व्यक्तित्व उत्तम रहेको पाइयो भने कम शिक्षकहरुको व्यक्तित्व

मध्यम खालको  पाइयो । मध्यम खालको शिक्षकहरु प्राय: घरपायक भएका र विमातृ भाषी भएकोले यस्तो स्थिति हुन गएको पाइयो ।

### ४.२.४ शिक्षकको तयारी

**तालिका १६ शिक्षाकको तयारी**

| क्र.स. | शिक्षकको तयारी | छ | छैन |
|---|---|---|---|
| १. | वार्षिक कार्ययोजना तयार गरेको | ८०% | २० % |
| २. | दैनिक पाठयोजना तयार गरेको | २० % | ८० % |
| ३. | शिक्षण सामग्री तयार गरेको | १० % | ९०% |
| ४. | कक्षा कोठा व्यवस्थित गरेको | ८० % | २० % |
| ५. | विद्यार्थीहरुलाई सिकाइप्रति उत्प्रेरित गरेको | ७० % | ३० % |
| ६. | अघिल्लो कक्षाको पुनरावलोकन गरेको | ४० % | ६० % |

माथिको तालिका अनुसार वार्षिक कार्ययोजना तयार गर्ने शिक्षक ८० % र नगर्ने शिक्षक २० % पाइयो भने दैनिक पाठयोजना तयार गर्ने शिक्षक २० % र नगर्ने शिक्षक ८० % पाइयो । यस्तै शैक्षिक सामग्री दैनिक प्रयोगका सामग्री बाहेक अन्य सामग्री प्रयोग गर्ने शिक्षक अत्यन्त न्यून पाइयो  भने कक्षा कोठाको व्यवस्थापन र सिकाइप्रति उत्प्रेरित गर्ने शिक्षक सन्तोषजनक पाइयो । यसैगरी अघिल्लो कक्षाको पुनरावलोकन गर्ने शिक्षकको संख्या ४० % मात्र पाइयो ।

### ४.२.५ कक्षाको सुरुवात

कक्षा ८ मा व्याकरण शिक्षण गर्ने त्रममा शिक्षकद्वारा कसरी कक्षा सुरुवात गरियो भनी कक्षा अवलोकन गर्दा प्राप्त भएको तथ्यहरुलाई तलको तालिकामा देखाइएको छ :

| क.स. | कक्षाको सुरुवात | छ | छैन |
|---|---|---|---|
| क. | कक्षामा हसिलो र मित्रवत भई प्रवेश गरिएको | १००% | ० % |
| ख. | विद्यार्थीको ध्यानाकर्षणको लागि रमाइलो ढङ्गले कक्षाको सुरुवात गरेको | ७० % | ३० % |
| ग. | पूर्व पाठको पुनरावृति गरिएको | ४० % | ६० % |
| घ. | पाठको उद्देश्य अनुरुप शिक्षण गरिएको | ९०% | १० % |
| ङ. | विद्यार्थीहरुको क्षमता र स्तर अनुसार सिक्न पाउने वातावरण सिर्जना गरेको | ७० % | ३० % |
| च. | विद्यार्थीको रुचि, इच्छा, चाहना र स्तर अनुसार शिक्षण विधिको प्रयोग गरिएको | ६० % | ४० % |

प्रस्तुत तालिका अनुसार कक्षाको प्रारम्भमा सबैजसो शिक्षकहरुले कक्षामा हँसिलो र मित्रवत व्यवहार गरेको पाइयो भने कक्षामा पनि रमाइलो ढङ्गले कक्षाको सुरुवात गरेको पाइयो । यस्तै पूर्वपाठको पुनरावृति ४० % शिक्षकले मात्र गरेको पाइए पनि उद्देश्य अनुसारको शिक्षण चाहिं ९०% शिक्षकहरुले गरेको पाइयो । यसैगरी विद्यार्थीहरुको रुचि, चाहना र स्तर अनुसार धेरैजसो शिक्षकहरुले शिक्षण गरेको पाइयो ।

### ४.२.६ पाठको प्रस्तुतीकरण

**तालिका १८ पाठको प्रस्तुतीकरण**

| क.स. | पाठको प्रस्तुतीकरण | छ | छैन |
|---|---|---|---|
| १. | उद्देश्यहरु उल्लेख गरेको | ८०% | २० % |
| २. | नयाँ शब्द वा धारणा स्पष्ट पारेको | ४० % | ६० % |
| ३. | मुख्य-मुख्य बुँदाहरुलाई विभिन्न तरिकाबाट प्रस्ट पारेको | ५० % | ५० % |

| क.स. | पाठको प्रस्तुतीकरण | छ | छैन |
|---|---|---|---|
| ४. | अभ्यासको निमित्त पर्याप्त मौका दिएको | ६० % | ४० % |
| ५. | विद्यार्थी सहभागिता बढाउन प्रोत्साहन गरेको | ७० % | ३० % |
| ६. | अन्त्यमा मुख्य  बुँदालाई संक्षेपमा प्रस्तुत गरेको | ७० % | ३० % |
| ७. | सबै विद्यार्थीप्रति दृष्टि पुऱ्याएको | ७० % | ३० % |

माथिको तालिका अनुसार पाठको उद्देश्यहरु उल्लेख गर्ने शिक्षकहरु ८० % पाइयो । यस्तै धेरैजसो शिक्षकहरुले पाठको मुख्य-मुख्य बुँदाहरुको उल्लेख गरेको, अभ्यासको लागि पऱ्याप्त मौका दिइएको पाइयो । यसैगरी विद्यार्थी सहभागिता बढाउन प्रोत्साहन गर्ने र सबै विद्यार्थीहरुप्रति दृष्टि पुऱ्याउने शिक्षकहरु पनि सन्तोषजनक पाइयो भने नयाँ शब्द वा धारण स्पष्ट पार्ने शिक्षकहरु चाहिं कमै पाइयो ।

### ४.२.७ कक्षा कार्यकलाप

**तालिका १९ कक्षा कार्यकलाप**

| क.स. | कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | गरिदैन |
|---|---|---|---|---|
| १ | शिक्षकद्वारा प्रशस्त उदाहरण प्रस्तुत गरिएको | ३०% | ७० % | ० % |
| २ | नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्ने काम गरिएको | ४० % | ६० % | ० % |
| ३ | मुख्य कुरालाई विशेष ध्यान दिएको | ५० % | ५० % | ० % |
| ४ | विद्यार्थीहरुलाई पऱ्याप्त अभ्यास गराइएको | ६० % | ४० % | ० % |
| ५ | सिकाइको लागी विद्यार्थीको सहभागिता गराइएको | ७० % | ३० % | ० % |
| ६ | विद्यार्थीलाई समूहमा बसी सिक्ने अवसर दिइएको | १० % | ५० % | ४० % |
| ७ | विद्यार्थीहरुसँग छलफल तथा प्रश्नोत्तर गरिएको | ५० % | ५० % | ० % |

प्रस्तुत तालिकामा उल्लेखित कार्यकलापहरु अधिकांश रुपमा गराउने शिक्षकको संख्या अत्यधिक पाइयो । विद्यार्थीहरुलाई पर्याप्त अभ्यास गराउने धेरैजसो शिक्षकको संख्या ६० % र सिकाइको लागी विद्यार्थीहरुको सहभागीता गराउने शिक्षकककको संख्या ७०% पाईयो । यस्तै शिक्षकद्वारा प्रशस्त उदाहरण कहिलेकाहीँ दिने शिक्षकको संख्या ७०% र नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट गर्ने शिक्षकको संख्या ६० % पाइयो भने विद्यार्थीहरुलाई समुहमा राखि सिक्ने अवसर दिन नसक्ने शिक्षकको संख्या ४० % रहेको पाइयो ।

### ४.२.८ विद्यार्थीको मूल्याङ्कन

**तालिका :२० विद्यार्थीको मुल्याङ्कन**

| क. स | शिक्षकको तयारी | छ | छैन |
|---|---|---|---|
| १ | मुख्य बुँदाहरुलाई समेट्ने गरी प्रश्न गरिएको | ४०% | ६०% |
| २ | उद्देश्य पूरा भएकोमा विश्वस्त भएको | ४०% | ६०% |
| ३ | विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्ने गरेको | ५०% | ५०% |
| ४ | समय-समयमा औपचारिक परीक्षाको आवश्यक भएको | १००% | ०% |
| ५ | पुनः परीक्षण गर्ने गरेको | ३०% | ७०% |
| ६ | तत्काल पृष्ठपोषण प्रंदान गर्ने गरेको | ५०% | ५०% |
| ७ | मूल्याङ्कनको नतिजालाई उपयोग गर्ने गरेको | ४०% | ६०% |

माथिको तालिका अनुसार विद्यार्थी मूल्याङ्कनका क्रममा शिक्षले अपनाउने गरेको क्रियाकलापहरुमध्ये मुख्य बुँदालाई समेट्ने गरि प्रश्न गर्ने शिक्षकको संख्या ४०% भएको, उद्देश्य पुरा भएको विश्वास हुने शिक्षको संख्या ४०% भएको

पाइयो भने विद्यार्थी मुल्याङ्कन अभिलेख राख्ने शिक्षकको संख्या५०% भएको पाईयो । यस्तै औपचारिक परीक्षाको आवश्यक छ भन्ने शिक्षकहरु चाहि शतप्रतिशत पाइयो । यसैगरि पुनः परीक्षण गर्ने गरेको शिक्षकको संख्या न्यून पाइयो भने तत्काल पृष्ठपोषण प्रदान गर्नेको संख्या ५०% भएको पाइयो । मूल्याङ्कन नतिजालाई उपयोग गर्ने शिक्षको संख्या न्यून पाइयो ।

### ४.२.९ गृहकार्यको प्रकृति

**तालिका २१: गृहकार्यको प्रकृति**

| क.स | गृहकार्यको प्रकृति | कक्षा अवलोकन |
|---|---|---|
| क | पढेर आउने | १०% |
| ख | प्रश्नको उत्तर लेखी ल्याउने | ६०% |
| ग | विद्यार्थीहरुले उदाहरण आफै खोजेर ल्याउने | १०% |
| घ | पाठमा दिएको अभ्यास गरी ल्याउने । | २०% |

माथिको तालिकामा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार गृहकार्य दिने शिक्षकहरु मध्ये १०% शिक्षकले पढेर अउन भनेको, ६०% शिक्षकले प्रश्नको उत्तर लेखेर ल्याउन भनेको, १०% शिक्षकले उदाहरण आफै खोजेर ल्याउन भनेको र उदाहरण आफै खोजेर ल्याउन भनेको र २०% शिक्षकले पाठमा दिइएको अभ्यास लेखेर ल्याउन भनेको पाइयो ।

### सारांश

नमुना छनोटमा परेको १०वटा विद्यालयमा नेपाली भाषाको व्याकरण शिक्षण गर्ने शिक्षकहरुको कक्षा अवलोकनबाट ८०% शिक्षकहरुको पाठयोजना अलिखित तर मानसिक तयारी भएको पाइयो । यस्तै केही शिक्षकहरुले मात्र दैनिक उपयोगका सामग्री बाहेक अन्य शैक्षिक सामग्री प्रयोग गरेको पाइयो भने धेरैजसो शिक्षकहरुले दैनिक प्रयोगका सामग्री मात्र शैक्षिक सामग्रीको रुपमा प्रयोग गरेको पाइयो । शिक्षण क्रियाकलापको सन्दर्भमा धेरैजसो शिक्षकहरुले

विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरेको पाइयो भने केही शिक्षकहरुले शिक्षक कोन्दित शिक्षण विधिको प्रयोग गरेको पाइयो । यस्तै व्याकरण शिक्षणको क्रममा निगमनात्मक भन्दा आगमनात्मक विधिलाई धेरैजसो शिक्षकहरुले जोड दिएको पाइयो । अधिकांश शिक्षकहरुको पाठको प्रस्तुति मध्यमस्तरको पाइयो ।

शिक्षकहरको व्यक्तित्वलाई हेर्दा घरपाएक शिक्षकहरुको तुलनामा घरअपाएक शिक्षकहरुको व्याक्तित्व उत्तम रहेको पाइयो । समग्रमा सम्पूर्ण कक्षा अवलोकनबाट व्याकरण शिक्षण आंशिक रुपमा प्रभावकारी रहेको पाइयो ।

# अध्याय पाँच
# तुलानात्मक विश्लेषण

## ५.१ परिचय

यस उपखण्डमा नेपाली भाषा शिक्षकहरुलाई प्रश्नावली भराउँदा उपलव्ध तथ्यहरु र कक्षा अवलोकनबाट प्राप्त तथ्यहरुबीच शिक्षणका विभिन्न पक्षहरुमा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ ।

## ५.२ शिक्षक प्रतिक्रिया तथा कक्षा अवलोकनको तुलनात्मक विश्लेषण

यस अध्यायमा नमुना छनोटमा परेका सिन्धुली जिल्लाको १० वटा विद्यालयका १० जना नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकले भरेको प्रश्नवली र यसबाट प्राप्त भएको तथ्य र शिक्षणका क्रममा गरिएको कक्षा अवलोकन र यसवाट प्राप्त भएको तथ्य बीच तुलना, सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुले अपनाएको शिक्षणविधिबीच तुलना, तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले अपनाएका शिक्षण कार्यकलापहरुबीच भएको तथ्यको तुलनात्मक अध्ययन विश्लेषण प्रस्तुत गरिएको छ ।

### ५.२.१ कक्षा अवलोकन बाट प्राप्त तथ्याङ्कको तुलना

#### ५.२.१.१ समग्रमा व्याकरण शिक्षणको कार्यकलाप

**तालिका :२२ व्याकरण तत्व शिक्षणको कार्यकलाप**

| क्र.स. | कार्यकलाप | शिक्षक प्रतिक्रिया | | | कक्षा अवलोकन | | |
|---|---|---|---|---|---|---|---|
| | | धेरैजसो | कहिलेकाहीं | ज्यादै कम | धेरैजसो | कहिलेकाहीं | ज्यादै कम |
| १ | शिक्षकद्वारा प्रशस्त उदाहरणहरु प्रस्तुत | ३०% | ७०% | ०% | २०% | ८०% | ०% |

| | गरिएको | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स** | **कार्यकलाप** | **शिक्षक प्रतिक्रिया** | | | **कक्षा अवलोकन** | | |
| | | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादै कम** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादै कम** |
| २ | नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्नेकाम गरिएको | ४०% | ६०% | ०% | ५०% | ५०% | ०% |
| ३ | विद्यार्थीहरुलाई पर्याप्त अभ्यास गराइएको | ६०% | ४०% | ०% | ४०% | ६०% | ०% |
| ४ | सिकाइको लागि विद्यार्थीहरु सहभागी गराइएको | ७०% | ३०% | ०% | ७०% | ३०% | ०% |
| ५ | विद्यार्थीहरुसँग छलफल तथा प्रश्नोतर गरिएको | ५०% | ५०% | ०% | ३०% | ५०% | २०% |
| ६ | समय-समयमा विद्यार्थीहरुको मूल्याङ्कन गर्ने गरेको | ६०% | ३०% | १०% | ५०% | ४०% | १०% |
| ७ | विद्यार्थीहरुले नवुझ्ेको कुरा दोहोर्‍याएको | ७०% | **३०%** | ०% | ६०% | ४०% | ०% |

माथि उल्लेखित तालिका अनुसार व्याकरण तत्व शिक्षण गर्दा गराइने शिक्षण क्रियाकलाप मध्ये ३० % शिक्षकहरुले प्रशस्त उदाहरण प्रस्तुत गर्ने गरेको तथ्याङ्क प्रश्नावलीबाट प्राप्त भयो भने कक्षा अवलेकन गर्दा उक्त कार्य २० % शिक्षकहरुले मात्र पूर्णरुपले गरेको पाइयो । प्रश्नावलीबाट प्राप्त तथ्याङ्क अनुसार नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्ने काम ४० % शिक्षकले धेरैजसो गर्ने गरेको पाइए पनि कक्षा अवलोकन गर्दा ५०% शिक्षकहरुले धेरैजसो उक्त कार्य गरेको पाइयो । प्रश्नवलीबाट प्राप्त तथ्याङ्क अनुसार विद्यार्थीहरुलाई प्रयाप्त अभ्यास गराउने कार्य धेरैजसो गर्ने गरेको पाइयो । सिकाइका लागि विद्यार्थीहरुको सहभागिता भने प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र कक्षा अवलोकन गर्दा बराबरी रहेको पाइयो । ५०% शिक्षकहरुले विद्यार्थीहरुसंग छलफल र प्रश्नोत्तर गरिएको प्रतिक्रिया प्रश्नवलीबाट दिइएता पनि कक्षा अवलोकन गर्दा उक्त कार्य ३०% मात्र भएको पाइयो । प्रशनवलीबाट प्राप्त तथ्याङ्क अनुसार समय -समयमा मूल्याङ्कन गर्ने धेरैजसो शिक्षकहरु ६०% पाइयो भने उक्त कार्य कक्षा अवलोकन गर्दा ५०% रहेको पाइयो । यसैगरी ७०% विद्यार्थीले नबुझेको कुरा दोहोर्‍याउने शिक्षकहरु कक्षा अवलोकन गर्दा ६०% मात्र पाइयो ।

उल्लेखित विवरण अनुसार शिक्षकहरुको भनाइ  र गराइमा निकै ठुलो अन्तर रहेको देखिन्छ ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयबीच तुलना

यस खण्डमा सिन्धुली जिल्लाका कक्षा ८ मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना भाषा शिक्षकहरु मध्ये सामुदायिक विद्यालयका ५ र संस्थागत विद्यालयको ५ जना शिक्षकहरुले भरेको प्रश्नावली र ती शिक्षकहरुको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुबीच भएको भिन्नतालाई व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ५.३.१ कक्षाको अवलोकनबाट प्राप्त तथ्याङ्कको तुलना

#### ५.३.१.१ शिक्षणको व्याक्तित्व

**तालिका : २३ शिक्षकको व्याक्तित्व**

| क . स | शिक्षकको व्याक्तित्व | सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न | उत्तम | मध्यम | निम्न |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | सफासुग्घर | ३० % | ५० % | २० % | ७० % | ३० % | ० % |
| २ | आत्मविश्वास | ४० % | ६० % | ० % | ६० % | ४० % | ० % |
| ३ | मिलनसार | ६० % | ४० % | ०% | ६० % | ४० % | ० % |
| ४ | बोलिस्पष्ट | ६० % | ३० % | १०% | ७० % | ३० % | ० % |
| ५ | भाषाको शुद्धता | ६० % | ४० % | ० % | ५० % | ५० % | ० % |

उल्लेखित तालिका अनुसार सामुदायिक विद्यालयको शिक्षकहरुको तुलनामा संस्थागत विद्यालयको शिक्षकहरु बढी सफासुग्घर भएको पाइयो । त्यस्तै शिक्षकहरुको आत्माशिवास सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको शिक्षकहरुमा बढी पाइयो । मिलनसारको हकमा दुवै विद्यालयका शिक्षकहरुमा उस्तै रहेको पाइयो । यस्तै बोलिमा स्पष्ट संस्थागत विद्यालयका शिक्षकहरुमा बढी भए पनि भाषाको शुद्धता भने सामुदायिक विद्यालयका शिक्षकहरुमा उत्तम रहेको पाइयो । समग्रमा शिक्षकको व्यक्तित्व सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका शिक्षकहरुमा धेरैराम्रो रहेको पाइयो ।

### ५.३.१.२ सिकाइ वातावरण

**तालिका :२४  सिकाइ वातावरण**

| क. स. | सिकाइ वातावरण | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| क | प्रत्येक विद्यार्थीसँग पुग्न सक्ने गरी कक्षामा बसाइ व्यवस्था मिलाइएको | ७०% | ३०% | ८०% | २०% |
| ख | कमजोर विद्यार्थीलाइ बढी ध्यान दिई सहयोग गर्न सकिने ठाउँमा बसाइएको | २०% | ८०% | ८०% | २०% |
| ग | कक्षाकोठाको भित्तामा शैक्षिक सामग्री झुण्ड्याइएको | २०% | ८०% | ३०% | ७०% |

माथिको तालिका अनुसार ७०% सामुदायिक विद्यालयमा प्रत्येक विद्यार्थीसँग पुग्न सक्ने गरी बसाइ व्यबस्था मिलाइएको देखिन्छ भने संस्थागत विद्यालयमा ८०% बसाइ व्यवस्था मिलाइएको पाइयो । कमजोर विद्यार्थीलाई बढी ध्यान दिई सहयोग गर्न सकिने ठाउँको व्यवस्था सामुदायिक विद्यालयमा न्यून पाइयो भने संस्थागत विद्यालयमा राम्रो पाइयो । यस्तै कक्षाकोठामा शैक्षिक सामग्री झुण्डयाइने व्यवस्था दुबै विद्यालयमा अत्यन्त कमजोर रहेको पाइयो ।

### ५.३.१.३ शिक्षकको तयारी

**तालिका २५ शिक्षकको तयारी**

| क. स. | शिक्षकको तयारी | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | वार्षिक कार्य योजना तयार गरेको | ७०% | ३०% | ८० % | २० % |
| २ | दैनिक पाठयोजना तयार तरेको | १० % | ९०% | २० % | ८० % |

| क्र. स. | शिक्षकको तयारी | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| ३ | शैक्षिक सामग्री तयार गरेको | २०% | ८०% | ३०% | ७०% |
| ४ | कक्षाकोठालाई व्यवस्थित गरेको | ६०% | ४०% | ७०% | ३०% |
| ५ | विद्यार्थीलाई सिकाइ प्रति उत्प्रेरित गरेको | ५०% | ५०% | ८०% | २०% |
| ६ | अघिल्लो कक्षाको पुनारावलोकन गरेको | ४०% | ६०% | ६०% | ४०% |

माथिको तालिका अनुसार वार्षिक कार्ययोजना सामुदायिक विद्यालयलेभन्दा संस्थागत विद्यालयले बढी बनाउने गरेको पाइयो । यसैगरि दैनिक पाठयोजना सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरुले बढी बनाउने गरेको पाइएपनि समग्रमा दैनिक पाठयोजना बनाउने शिक्षकहरु अत्यन्त न्युन रहेको पाइयो भने शिक्षण सामग्री तयार गर्ने शिक्षकहरु पनि न्यून रहेको पाइयो । यस्तै माथि उल्लेखित अन्य कार्यकलापहरु पनि सामुदायिक विद्यलयको तुलनामा संस्थागत विद्यालयमा राम्रो गरेको पाइयो ।

### ५.३.१.४ कक्षाको सुरुवात

**तालिका २६ कक्षाको सुरुवात**

| क्र.स. | कक्षाको सुरुवात | सामूदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | कक्षामा हँसिलो र मित्रवत भई प्रवेश गरेको | १००% | ० % | १०० % | ० % |
| २ | विद्यार्थीहरुको ध्यानाकर्षणको लागि रमाइलो ढङ्गले कक्षाको सुरुवाता गरिएको | १०० % | ० % | १०० % | ० % |

| क.स. | कक्षाको सुरुवात | सामूदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| ३ | पूर्व पाठको पुनरावृत्ति गरिएको | ५०% | ५०% | ५०% | ५०% |
| ४ | पाठको उद्देश्य अनुरुप शिक्षण गरिएको | ७०% | ३०% | ६०% | ४०% |
| ५ | विद्यार्थीलाई आ-आफ्नो क्षमता अनुसार सिक्न पाउने वातावरण सिर्जना गरेको | ६०% | ४०% | ७०% | ३०% |
| ६ | विद्यार्थीको रुचि चाहना अनुसार शिक्षण विधिको प्रयोग गरिएको | ५०% | ५०% | ४०% | ६०% |

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार कक्षाको प्रारम्भमा सामुदायिक र संस्थागत दुबै विद्यालयको शिक्षकहरु हँसिलो र मित्रवत भई कक्षामा प्रवेश गरी रमाइलो ढङ्गले कक्षाको सुरुवात गरेको पाइयो । पूर्व पाठको पुनरावृत्ति दुवै खालका विद्यालयका शिक्षकहरुले बराबर मात्रमा प्रयोग गरेको पाइयो भने उद्देश्य अनुरुपको शिक्षण चाहिं संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरुले राम्रो गरेको पाइयो । विद्यार्थीहरुले आ-आफ्नो क्षमता अनुसार सिक्न पाउने वातावरण सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको राम्रो रहेको पाइयो भने विद्यार्थीको रुचि, चाहना अनुसारको शिक्षण संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा बढी गर्ने गरेको पाइयो ।

### ५.३.१.५ पाठको प्रस्तुतीकरण

**तालिका २७ पाठको प्रस्तुतीकरण**

| क्र.स. | शिक्षण गर्दा | सामूदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | उद्देश्यहरु उल्लेख गरेको | ७०% | ३०% | ६०% | ४०% |
| २ | नयाँ शब्द वा धारणाको अर्थस्पष्ट पारेको | ५०% | ५०% | ६०% | ४०% |
| ३ | मुख्य बुँदालाई प्रस्ट पारेको | ४०% | ६०% | ५०% | ५०% |
| ४ | अभ्यासको लागि पऱ्याप्त मौका दिइएको | ४०% | ६०% | ७०% | ३०% |
| ५ | सबै विद्यार्थीहरु प्रति दृष्टि पुऱ्याइएको | ६०% | ४०% | ७०% | ३०% |
| ६ | विद्यार्थी सहभागिता बढाउन प्रोत्साहन गरेको | ६०% | ४०% | ८०% | २०% |
| ७ | मुख्य बुँदालाई संक्षेपमा प्रस्तुत गरेको | २०% | ८०% | ३०% | ७०% |

माथिको तालिकामा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरुले उद्देश्यहरु उल्लेख गरेको पाइयो । यसैगरी नयाँ शब्द धारणाको अर्थ स्पष्ट पार्ने र मुख्य बुँदाहरुलाई प्रष्ट्याउने काम सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा बढी गरेको पाइयो । यस्तै विद्यार्थीलाई अभ्यासको लागि पर्याप्त मौका सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयमा बढी दिने गरेको पाइयो । यसैगरी माथि उल्लेखित अन्य कार्यकलापहरु पनि सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा बढी गर्ने गरेको पाइयो ।

### ५.३.१.६ विद्यार्थीको मूल्याङ्कन

**तालिका २८ विद्यार्थीको मूल्याङ्कन**

| क.स. | विद्यार्थीको मूल्याङ्कन | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | मुख्य बुँदालाई समेट्ने गरी प्रश्न गरेको | ३०% | ७०% | ४०% | ६०% |
| २ | विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्ने गरेको | ४०% | ६०% | ३०% | ७०% |
| ३ | पुनः परीक्षण गर्ने गरेको | २०% | ८०% | ६०% | ४०% |
| ४ | तत्काल पृष्ठपोषण प्रदान गर्ने गरेको | ४०% | ६०% | ६०% | ४०% |
| ५ | मूल्याङ्कनको नतिजालाई उपयोग गर्ने गरेको | ३०% | ७०% | ४०% | ६०% |

माथिको तालिका अनुसार सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुले गरेको विद्यार्थी मूल्याङ्कन हेर्दा मुख्य बुँदालाई समेट्ने गरी प्रश्न गरेको कम पाइयो । विद्यार्थी मूल्याङ्कन अभिलेख पनि कमै मात्रामा राख्ने गरको पाइए पनि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा अभिलेख बढी रहेको पाइयो । यसैगरी पुनः परीक्षण गर्ने र तत्काल पृष्ठपोषण दिनेकाम सामुदायिक विद्यालयको तुलानामा संस्थागत विद्यालयमा वढी रहेको पाइयो । यस्तै सामुदायिक विद्यालयका शिक्षकहरुले मुल्याङ्कन नतिजालाई उपयोग गर्ने कार्य कम गरेको र संस्थागत विद्यालयका शिक्षकहरुले बढी गर्ने गरेको पाइयो ।

### ५.३.१.७ शिक्षण विधि

**तालिका २९ शिक्षण विधि**

| क.स. | विधि | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| क. | आगमन विधि | ४०% | ३०% |
| ख. | निगमन विधि | ५०% | ५५% |
| ग. | भाषा संसर्ग विधि | ०% | ०% |
| घ. | भाषा पाठ्यपुस्तक विधि | १०% | १५% |

माथिको तालिका अनुसार सामुदायिक र संस्थागत दुवै विद्यालयले आगमन विधि कम प्रयोग गरेको देखिन्छ, त्यसमा पनि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शिक्षकहरुले कम प्रयोग गरेको देखिन्छ । निगमन विधि दुवै विद्यालयका शिक्षकहरुले बराबरी प्रयोग गरेको र भाषा संसर्ग विधि प्रयोग नगरेको पाइएको छ । यस्तै भाषा पाठ्यपुस्तक विधि संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका शिक्षकहरुले बढी प्रयोग गरेको पाइयो ।

### ५.३.१.८ व्याकरणतत्व शिक्षणका कार्यलयको तुलना

**तालिका ३० व्याकरणतत्व शिक्षण कार्यकलापको तुलना**

| क.स. | कार्यकलाप | सामुदायिक | | | | संस्थागत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
| १ | शिक्षकद्वारा प्रशस्त उदाहरणहरु प्रस्तुत गरिएको | ५०% | ३०% | २०% | ०% | ३०% | ४०% | ३०% | ०% |
| २ | नयाँ शब्द वा धारणाको अर्थस्पष्ट पार्ने काम गरिएको | ६०% | ४०% | ० % | ०% | ६० % | २०% | २०% | ०% |

| क्र.स. | कार्यकलाप | सामुदायिक | | | | संस्थागत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | धैरैजसो | कहिलकाहीं | ज्यादैकम | गरिदैन | धैरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
| ३ | विद्यार्थीलाई पर्याप्त अभ्यास गराइएको | ७०% | ३०% | ० % | ०% | ८०% | २०% | ०% | ०% |
| ४ | सिकाइका लागि विद्यार्थीको सहभागिता गराइएको | ६०% | ४०% | ० % | ०% | ५०% | ५०% | ०% | ०% |
| ५ | विद्यार्थीसंग छलफल तथा प्रश्नोत्तर गरिएको | २०% | ८०% | ० % | ०% | १०% | ८०% | १०% | ०% |
| ६ | समय समयमा विद्यार्थीका मूल्याङकन गर्ने गरेको | ८०% | २०% | ० % | ०% | ९०% | १०% | ०% | ०% |
| ७ | विद्यार्थीले नबुझेको कुरा दोहोऱ्याइएको | ३०% | ७०% | ० % | ०% | ५०% | ४०% | १०% | ०% |

भाषा शिक्षण गर्ने शिक्षकहरुले व्याकरण शिक्षण गर्दा अपनाउने गरेको कार्यकलापहरुमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकले कुन कार्यकलापलाई बढी र कुन कार्यकलापलाई कम मात्रामा प्रयोग गर्ने गर्दछन् भनी देखाइएको छ । जसअनुसार सामुदायिक विद्यालयका धेरैजसो शिक्षकहरुले प्रशस्त उदाहरणहरु दिने गरेको पाइयो भने नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्ने काम चाहिं संस्थागत विद्यालयका धेरैजसो शिक्षकहरुले गर्नेगरेको पाइयो । यस्तै विद्यार्थीहरुको समय-समयमा मूल्याङ्कन गर्ने काम चाहि सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरुले बढी गर्ने गरेको पाइयो । समग्रमा सामुदायिक र संस्थागत दुबै खाले विद्यालयले व्याकरण शिक्षण कार्यकलाप राम्रोसँग गरेको पाइयो ।

### ५.३.१.९ गृहकार्य

**तालिका ३ गृहकार्य**

| क.स. | गृहकार्यको किसिम | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| १ | पढेर आउनु पर्ने | २०% | १०% |
| २ | प्रश्नको उत्तर लेखेर ल्याउनुपर्ने | ७०% | ७०% |
| ३ | सिर्जनात्मक क्षमताको विकास गराउने खालको | १०% | २०% |

माथिको तालिका अनुसार शिक्षण कार्यकलापपछि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका बढी शिक्षकहरुले पढेर आउन विद्यार्थीहरुलाई भन्ने गरेको पाइयो भने प्रश्नहरुका उत्तर लेखेर ल्याउन भन्ने शिक्षकहरुको संख्या सामुदायिक र संस्थागत विद्यालयमा उस्तै रहेको पाइयो । यस्तै सिर्जनात्मक क्षमता विकास गराउने खालको गृहकार्य चाहिं सामुदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयमा बढी रहेको पाइयो ।

### ५.३.२ सामुदायिक र संस्थागत विद्यालयको तथ्याङ्कको तुलनात्मक अध्ययन

कक्षा अवलोकनबाट प्राप्त तथयाङकलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण गर्ने सबैजसो शिक्षकहरुले लिखित शैक्षिक योजना बनाइएको पाइएन । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको सिकाइ वातावरण उपयुक्त रहेको पाइयो । त्यस्तै शिक्षण कार्यकलाप पनि सामुदायिक विद्यालयका शिक्षकहरुको तुलनामा संस्थागत विद्यालयका शिक्षकहरु बढी सक्रिय रहेको पाइयो । सामुदायिक विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुलाई सक्रिय बनाउन नसकेको पाइयो संस्थागत विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुलाई बढी सक्रिय बनाइ क्रियाकलापमा जोड दिइएको पाइयो । यसैगरी सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुले विद्यार्थीहरुलाई दिइएको गृहकार्यको प्रकृतिमा खासै अन्तर भएको  पाइएन ।

## ५.४ तालिम प्राप्त र अप्राप्त शिक्षकहरुबाट प्राप्त तथ्याङ्कहरुकाबीच तुलना

यस उपखण्डको अध्ययनमा समावेश गरिएका कक्षा ८ मा नेपाली व्याकरण शिक्षण गर्ने १० जना भाषा शिक्षक मध्ये तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरुले गरेको प्रश्नावली र ती शिक्षकहरुको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुबीचको भिन्नतालाई व्याख्या विश्लेषण गरिएको छ । छनोट गरिएका शिक्षकहरुको प्रतिक्रिया अनुसार ६०% तालिम प्राप्त र ४०% तालिम अप्राप्त शिक्षकहरु भएको पाइयो ।

### ५.४.१ कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको तुलना

#### ५.४.१.१ शिक्षकको तयारी

| क्र.स. | शिक्षकको तयारी | तालिम प्राप्त | | तालिक अप्राप्त | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | वार्षिक कार्ययोजना तयार गरेको | ८०% | २० % | ८० % | २० % |
| २ | दैनिक पाठयोजना तयार गरेको | ७० % | ३० % | ६० % | ४० % |
| ३ | शिक्षण सामग्री तयार गरेको | १० % | ९०% | ० % | १०० % |
| ४ | कक्षाकोठालाई व्यवस्थित गरेको | ८० % | २० % | ६० % | ४० % |
| ५ | विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गरेको | ६० % | ४०% | ५० % | ५० % |
| ६ | अघिल्लो कक्षाको पुनरावलोकन गरेको | ४० % | ६० % | २० % | ८० % |

माथिको तालिका अनसार शिक्षण सिकाइलाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन तालिम अप्राप्त शिक्षकभन्दा तालिमप्राप्त शिक्षक नै तयारी रहेको पाइयो । शिक्षण सिकाइको लागि आवश्यक सामग्रीहरु तयार गर्ने क्रममा वार्षिक कार्ययोजना तालिम प्राप्त र अप्राप्त दुबै थरी शिक्षकहरुमा समान रहेको पाइयो भने दैनिक पाठ योजना, शैक्षिक सामग्री तालिम अप्राप्त शिक्षकको

तुलनामा तालिम प्राप्त शिक्षकको राम्रो रहेको पाइयो । यसैगरी कक्षा कोठाको व्यवस्थापन र सिकाइप्रति उत्प्रेरित गर्ने काम पनि तालिम प्राप्त शिक्षकको नै राम्रो पाइयो भने अघिल्लो कक्षाको पुनरावलोकन गर्ने काम तालिम प्राप्त र अप्राप्त दुबैथरी शिक्षकमा त्यति राम्रो भएको पाइएन ।

### ५.४.१.२. व्याकरण तत्व शिक्षणको कार्यकलाप

**तालिका ३३ व्याकरण शिक्षणको कार्यकलाप**

| क्र. सं. | कार्यकलाप | तालिम प्राप्त | | | तालिम अप्राप्त | | |
|---|---|---|---|---|---|---|---|
| | | धेरैजसो | कहिलेकाहीं | गरिदैन | धेरैजसो | कहिलेकाहीं | गरिदैन |
| १ | शिक्षकद्धारा प्रशस्त उदाहरणहरु प्रस्तुत गरिएको | ३०% | ७०% | १०% | २०% | ८०% | ०% |
| २ | नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्ने काम गरिएको | ८०% | २०% | ०% | ४०% | ६०% | ०% |
| ३ | विद्यार्थीलाई पर्याप्त अभ्यास गराइएको | ६०% | ४०% | ०% | ३०% | ७०% | ०% |
| ४ | सिकाइको लागि विद्यार्थीको सहभागिता गराइएको | ६० % | ४०% | ०% | ६०% | ४०% | ०% |
| ५ | विद्यार्थीसँग छलफल तथा प्रश्नोत्तर गरिएको | ४०% | ६०% | ०% | ३०% | ७०% | ०% |
| ६ | समय-समय विद्यार्थीहरुको मूल्याङ्कन गर्ने गरेको | ५०% | ५०% | ०% | ४०% | ६०% | ०% |
| ७ | विद्यार्थीले नुबुझेको कुरा दोहोऱ्याएको | ३०% | ५०% | २०% | २०% | ४०% | ४०% |

माथिको तालिका अनुसार ३०% तालिम प्राप्त शिक्षकले धेरैजसो प्रशस्त उदाहरणहरु प्रस्तुत गर्ने गरेको पाइयो भने २०% तालिम अप्राप्त शिक्षकले प्रशस्त उदाहरणहरु प्रस्तुत गर्ने गरेको पाइयो । नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्ने

काम ८०% तालिम प्राप्त धेरैजसो शिक्षकले गर्ने गरेको पाइयो भने ४०% तालिम अप्राप्त शिक्षकले नयाँ शब्दको अर्थ स्पष्ट पार्ने काम गरेको पाइयो ।

यस्तै विद्यार्थीहरुलाई प्रशस्त अभ्यास गराउने काम तालिम प्राप्त शिक्षकहरु मध्ये ६०% शिक्षकले धेरैजसो गर्ने गरेको पाइयो भने उक्त कार्य ३०% तालिम अप्राप्त शिक्षकले गर्ने गरेको पाइयो । यस्तै सिकाइको लागि विद्यार्थीको सहभागिता तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षक दुबैमा समान रहेको पाइयो । यस्तै विद्यार्थीसँग छलफल तथा प्रश्नोत्तर समय समयमा विद्यार्थीको मूल्यांकन र विद्यार्थीले नबुझेको कुरा दोहोऱ्याउने काम तालिम अप्राप्त शिक्षकको दाँजोमा तालिम प्राप्त शिक्षकको नै राम्रो रहेको पाइयो । यसर्थ, समग्रमा भन्नुपर्दा व्याकरण शिक्षण क्रियाकलाप तालिम अप्राप्त शिक्षकहरुकोभन्दा तालिम प्राप्त शिक्षकहरुको नै राम्रो रहेको पाइयो ।

### ५.४.१.३. पाठको प्रस्तुतीकरण

**तालिका ३४ पाठको प्रस्तुतीकरण**

| क.सं. | पाठको प्रस्तुतीकरण | तालिम प्राप्त | | तालिम अप्राप्त | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| १ | उद्देश्यहरु उल्लेख गरेको | ३०% | ७०% | २०% | ८०% |
| २ | नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पारेको | ४०% | ६०% | ३०% | ७०% |
| ३ | मूख्य बुँदालाई विभिन्न तरिका प्रयोग गरि प्रस्ट पारेको | १०% | ९०% | ०% | १००% |
| ४ | अभ्यासको लागि पर्याप्त मौका दिइएको | ६०% | ४०% | ४०% | ६०% |
| ५ | सबै विद्यार्थी प्रति दृष्टि पुऱ्याएको | ७०% | ३०% | ७०% | ३०% |
| ६ | विद्यार्थी सहभागिता बढाउन प्रोत्साहन गरेको | ५०% | ५०% | ४०% | ६०% |
| ७ | मुख्य बुँदालाई प्रस्तुत गरेको | ६०% | ४०% | ४०% | ६०% |

प्रस्तुत तालिका अनुसार तालिम अप्राप्त शिक्षकको दाँजोमा तालिम प्राप्त शिक्षकले लिखित रुपमा उद्देश्यहरु उल्लेख नगरिएता पनि मौखिक रुपमा पाठ्यक्रमले तोके बमोजिमको उद्देश्य अनुरुप बढी शिक्षण क्रियाकलाप गरेको पाइयो । यसै गरी प्रस्तुत तालिकामा उल्लेख गरिएका सम्पूर्ण कार्यकलापहरु मध्ये सबै विद्यार्थीहरुप्रति दृष्टि पुऱ्याउनेकाम तालिम प्राप्त र अप्राप्त दुबैथरी शिक्षकमा समान रहेको पाइयो भने अन्य कार्यकलाप चाहिं तालिम अप्राप्त शिक्षकको दाजोमा तालिम प्राप्त शिक्षकले नै बढी गर्ने गरेको पाइयो ।

### ५.४.१.४. शिक्षण विधि

**तालिका ३५ शिक्षण विधि**

| क.सं. | विधि | कक्षाअवलोकन स्थिति | |
|---|---|---|---|
| | | तालिम प्राप्त | तालिम अप्राप्त |
| १ | आगमन विधि | ४०% | २०% |
| २ | निगमन विधि | ३०% | ५०% |
| ३ | भाषा संसर्ग विधि | ०% | ०% |
| ४ | भाषा पाठ्यपुस्तक विधि | ३०% | ३०% |

माथिको तालिका अनुसार व्याकरण शिक्षण गर्दा तालिम प्राप्त शिक्षकहरु मध्ये ४०% शिक्षकले आगमन विधि, ३०% शिक्षकले निगमन विधि र ३०% शिक्षकले भाषा पाठ्यपुस्तक विधि प्रयोग गरेको पाइयो । यसैगरी तालिम अप्राप्त शिक्षकहरु मध्ये २०% शिक्षकले आगमन विधि ५०% शिक्षकले निगमन विधि र ३०% शिक्षकले भाषा पाठ्यपुस्तक विधि प्रयोग पाइयो भने भाषा संसर्ग विधि कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । समग्रमा भन्दा तालिम प्राप्त र अप्राप्त दुबैथरी शिक्षकमा भाषा संसर्ग विधि र भाषा पाठ्पुस्तक विधि समान रहेको

पाइयो भने अन्य विधि चाहिं तालिम अप्राप्त  शिक्षककको दाँजोमा तालिम प्राप्त शिक्षकको राम्रो रहेको पाइयो ।

**अन्य**

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा लिखित रुपमा मूल्याङ्कन गर्ने कार्य अधिकांश तालिम प्राप्त शिक्षकले गर्ने गरेको पाइयो भने मौखिक रुपमा गरिने मूल्यांकन जस्तै- विद्यार्थीहरुलाई बीच-बीचमा प्रश्न सोध्ने, कक्षाकार्य गराउने तथा प्रश्नोत्तर पछि पृष्ठपोषण गर्ने कार्य तालिम प्राप्त र अप्राप्त दुबै शिक्षकले गर्नेगरेको पाइयो । यस्तै अधिकांश तालिम प्राप्त शिक्षकहरुले विद्यार्थीलाई सिर्जनात्मक ज्ञान बढाउने र उदाहरण आफैं खोजी ल्याउने किसिमका गृहकार्य दिइएको पाइयो भने अधिकांश तालिम अप्राप्त शिक्षकहरुले पाठमा दिइएका अभ्यास मात्र लेखेर ल्याउने खालको गृहकार्य दिइएको पाइयो ।

## अध्याय छ

## निष्कर्ष तथा सुझावहरु

### ६.१. निष्कर्ष

प्रस्तुत शोधकार्यका लागि प्रतिनिधि नमुना स्थलका रुपमा सिन्धुली जिल्लालाई छनोट गरियो । सिन्धुली जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० ओटा विद्यालयका कक्षा ८ मा अध्यापनरत १० जना नेपाली भाषा शिक्षकहरुलाई प्रस्तुत शोधकार्यको जनसङ्ख्याको रुपमा लिइयो । प्रस्तुत शोध अध्ययनको लागि शिक्षकले भर्ने प्रश्नावली र कक्षा अवलोकन फारमलाई शोधउपकरणको रुपमा प्रयोग गरियो । अध्ययनमा समाविष्ट नमुना विद्यालयहरुमा शोधकर्ता आफै पुगी प्रश्नावली भराउने र कक्षा अवलोकन गर्ने कार्य गरी प्राप्त भएका तथ्याङ्कहरुको तालिकीकरण गरी प्रतिशतका आधारमा व्याख्या, विश्लेषण तथा तुलनात्मक अध्ययन गरियो ।

### ६.१.१. व्याकरण शिक्षणको सम्बन्धमा शिक्षकको प्रतिक्रिया

कक्षा ८ मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकले भरेको प्रश्नावली अनुसार कक्षा शिक्षणका क्रममा धेरैजसो शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेक अन्य सामग्री पनि प्रयोग गरेको पाइयो । अधिकांश शिक्षकहरुले विद्यार्थीहरुलाई व्याकरणको उदाहरण खोज्न र भन्न लगाउने, व्याकरण तत्वमा प्रशस्त अभ्यास गराउने, व्याकरण तत्वको परिचय, परिभाषा, नियम, संरचना विद्यार्थीहरुलाई नै भन्न लगाउने, अलग-अलग व्याकरण तत्वको प्रयोग गरी विद्यार्थीहरुलाई अनुच्छेद लेख्न लगाउने र विद्यार्थीहरुले लेखेका अनुच्छेदको शुद्धिकरण गर्ने गरेको जस्तो प्रतिक्रिया दिइएको पाइयो । त्यसैगरी आधाजसो शिक्षकले आगमन विधि र बाँकी शिक्षकले निगमन विधि र भाषा पाठ्यपुस्तक विधि उपयोग गरेको पाइयो ।

व्याकरण तत्वको शिक्षणलाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन आगमन विधि प्रयोग गर्नु पर्ने, शैक्षिक सामग्रीको उपयोग गर्नु पर्ने, खेल विधि बाट शिक्षण गर्नु पर्ने र श्रव्य-दृश्य सामग्रीको प्रयोग गर्नु पर्ने जस्ता सुझावहरु शिक्षकहरुले दिइएको पाइयो ।

### ६.१.२. कक्षा अवलोकनबाट प्राप्त सूचनाहरु

कक्षा अवलोकन गर्दा अधिकांश शिक्षकहरु अलिखित वा मानसिक रुपमा मात्र तयारी भएको पाइयो । यस्तै केही शिक्षकहरुले मात्र शिक्षण टिपोट तयारी गरी शिक्षण गरेको पाइयो । अधिकांश शिक्षकहरुले विद्यार्थीहरुसम्म पुग्न सक्ने गरी बसाइ व्यवस्था मिलाएको पाइयो । दैनिक उपयोगका सामग्री बाहेक अन्य सामग्री उपयोग गरेको पाइएन । कक्षाकोठाभित्र पनि शैक्षिक सामग्रीहरु सजाएर राखिएको पाइएन । पाठको प्रस्तुतीकरण अधिकांश शिक्षकहरुको मध्यमस्तरको रहेको पाइयो । यस्तै धेरैजसो शिक्षकहरुले निगमन विधि, केही शिक्षकहरुले मात्र आगमन विधि र भाषा पाठ्यपुस्तक विधि प्रयोग गरेको पाइयो । अधिकांश शिक्षकहरुले प्रश्नको उत्तर लेखर ल्याउनु पर्ने खालका गृहकार्य दिइएको पाइयो भने केही शिक्षकहरुले मात्र गृहकार्य जाँच्ने र पृष्ठपोषण दिने गरेको पाइयो ।

### ६.१.३.प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरुकाबीच तुलनात्मक निष्कर्ष

प्रश्नावली अनुसार अधिकांश शिक्षकले वार्षिक योजना, दैनिक पाठयोजना र थोरै मात्र शिक्षकले एकाइ योजना निर्माण गरेको पाइयो भने कक्षा अवलोकन गर्दा आधाजसो शिक्षकले वार्षिक योजना निर्माण गरेको बाहेक अन्य कुनै पनि शिक्षकले दैनिक पाठयोजना र एकाइ योजना बनाएको पाइएन । प्रश्नावली अनुसार व्याकरण शिक्षणका विभिन्न कार्यकलापहरु अधिकांश शिक्षकहरुले धेरैजसो गराउने गरेको पाइए तापनि कक्षा अवलोकन गर्दा उक्त कार्य आंशिक रुपमा मात्र गराउने गरेको पाइयो । प्रश्नावली अनुसार आधाजसो शिक्षकले आगमन विधि र आधा भन्दा कम शिक्षकले मात्र निगमन र भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरी

कक्षा शिक्षण गरेको पाइयो भने कक्षा अवलोकन गर्दा थोरैजसो शिक्षकले आगमन र भाषा पाठ्युस्तक विधि र आधाजसो शिक्षकले निगमन विधिको उपयोग गरी कक्षा शिक्षण गरेको पाइयो । समग्रमा भन्दा शिक्षकहरुको भनाइ र काम गराइमा ठुलो अन्तर रहेको पाइयो ।

### ६.१.४. सामुदायिक र संस्थागत विद्यालयबीच तुलनात्मक निष्कर्ष

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सामुदायिक र संस्थागत विद्यालयमा शिक्षण गर्ने सबै शिक्षकहरुले कुनै पनि लिखित शैक्षिक योजना बनाइएको पाइएन । सामुदायिक विद्यालयको सिकाइ वातावरण भन्दा संस्थागत विद्यालयको सिकाइ वातावरण उपयुक्त रहेको पाइयो । सामुदायिक विद्यालयको शिक्षकहरुले विद्यार्थीहरुलाई सक्रिय बनाउन प्रयास गरे तापनि संस्थागत विद्यालयका शिक्षकहरुको जस्तो विद्यार्थी सक्रिय बनाउन नसकेको पाइयो । विषयवस्तुको प्रस्तुतीकरण चाहिं संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरुको केही राम्रो रहेको पाइयो । सामुदायिक विद्यालयमा ४०% शिक्षकहरुले आगमन विधि, आधाजसो शिक्षकले निगमन विधि र केही शिक्षकले मात्र भाषा पाठ्यपुस्तक विधि प्रयोग गरेको पाइयो भने संस्थागत विद्यालयमा ३०% शिक्षकले आगमन विधि, आधाभन्दा बढी शिक्षकले निगमन विधि र केही शिक्षकले मात्र भाषा पाठ्यपुस्तक विधि प्रयोग गरेको पाइयो । यस्तै भाषा संसर्ग विधि भने कुनै पनि शिक्षकले प्रयोग गरेको पाइएन । यस्तै विद्यार्थीको मूल्याङ्कन प्रक्रियालाई हेर्दा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको नै राम्रो रहेको पाइयो ।

### ६.१.५. तालिम प्राप्त र अप्राप्त शिक्षकहरुकाबीच तुलना

कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा दैनिक पाठयोजना निर्माणमा अधिकांश तालिम प्राप्त तथा अप्राप्त दुबैथरी शिक्षकहरुले अलिखित तथा मानसिक रुपमा मात्र तयारी गरेको पाइयो । अधिकांश तालिम प्राप्त शिक्षकहरुले विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गरिएको पाइयो भने धेरैजसो तालिम अप्राप्त

शिक्षकहरुले शिक्षक केन्द्रित शिक्षण विधि प्रयोग गरेको पाइयो । व्याकरण शिक्षणका कार्यकलापहरु मध्ये नयाँ शब्दको अर्थ स्पष्ट पार्ने र मुख्य कुरालाई ध्यान दिई शिक्षण गर्ने कार्य तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकहरुबाट बढी गर्ने गरेको पाइयो । यस्तै व्याकरण शिक्षणमा तालिम प्राप्त धेरैजसो शिक्षकहरुले आगमनात्मक विधि र तालिम अप्राप्त शिक्षकहरुले निगमनात्मक विधि प्रयोग गरेको पाइयो भने भाषा पाठ्यपुस्तक विधि तालिम प्राप्त र अप्राप्त दुबै शिक्षकहरुले केही मात्रामा प्रयोग गर्ने गरेको पाइयो र भाषा संसर्ग विधि चाहिं दुबैथरी शिक्षकहरुले प्रयोग गरेको पाइएन । यस्तै अन्य क्रियाकलाप भने तालिम प्राप्त र अप्राप्त दुबैथरी शिक्षकहरुको उस्तै-उस्तै रहेको पाइयो । समग्रमा तालिम अप्राप्त शिक्षकको भन्दा तालिम प्राप्त शिक्षकको शिक्षण कार्यकलाप बढी प्रभावकारी भएको पाइयो ।

### ६.२. सुझावहरु

प्रस्तुत शोध अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

- व्याकरण शिक्षण गर्दा कमजोर विद्यार्थीहरुलाई बढी ध्यान दिई सहयोग गर्न सकिने ठाउँमा बसाउने तथा कक्षा कोठाभित्र विभिन्न कार्यकलाप गर्न मिल्ने खालको बसाइ व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- व्याकरण शिक्षण गर्दा पाठ्यवस्त अनुसार शैक्षिक सामग्री प्रयोग गर्नुपर्ने देखिन्छ ।
- शैक्षिक सामाग्री कक्षाकोठाभित्र सजाएर राख्ने ठाउँको व्यवस्थापन गरिनुपर्छ ।
- विद्यार्थीहरुलाई समूहमा बस्न सिक्ने अवसर दिनु पर्छ ।
- छलफल र प्रश्नोत्तर गर्ने कार्यमा अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।
- व्याकरण शिक्षणपछि सबै शिक्षकहरुले विद्यार्थीहरुको मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु पर्ने देखिन्छ ।

- व्याकरण शिक्षण गर्दा सबै शिक्षकहरुले आगमन विधि उपयोग गर्नुपर्छ ।
- सबै शिक्षकहरुले शिक्षण शैक्षिक योजना बनाएर मात्र गर्नुपर्छ ।
- संस्थागत विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको तुलनामा सामुदायिक विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुले विद्यार्थीहरुलाई शिक्षण कार्यकलापमा बढी सक्रिय गराउनु पर्ने र उनीहरुको रुचि, चाहना, इच्छा अनुसार शिक्षण विधि उपयोग गर्नुपर्ने देखिन्छ ।
- शिक्षकहरुको भनाइ र गराईमा एकरुपता हुनुपर्छ ।
- संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका शिक्षकहरु विद्यालयप्रति कम उत्तरदायी भएको पाइएकोले यस पक्षमा सुधार गर्नुपर्ने देखिन्छ ।
- तालिम प्राप्त शिक्षकहरुको तुलनामा तालिम अप्राप्त शिक्षकहरुको कार्यकलाप केही कमजोर देखिएकोले तालिम अप्राप्त शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था सम्बन्धित निकायबाट दिलाउनु पर्ने देखिन्छ ।

## भावी अनुसन्धानका शीर्षकहरु

प्राथमिक तहमा भाषा तत्वको शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन ।

निम्न माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन ।

प्राथमिक तहमा भाषाशिक्षण गर्दा चाहिने आवश्यक शैक्षिक सामाग्रीको अध्ययन ।

माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन ।

विद्यालय तहमा व्याकरण शिक्षण विधिको प्रभावकारिताको अध्ययन ।

माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययन ।

विद्यालय तहमा व्याकरण शिक्षण विधिको प्रभावकारिताको अध्ययन ।

# सन्दर्भ सूचि


अधिकारी, हेमङ्गराज (ते.सं.२०६३), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

अंगाई, मिनामाया (२०६०), **कक्षा ९ मा गद्यविधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ताहाचल: महेन्द्ररत्न क्याम्पस ।

कोइराला, किरण (२०६६), **कक्षा १० मा व्याकरण शिक्षण गर्दा अपनाइने कार्यकलापको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुर: त्रिभुवन विश्वविद्यालय ।

खनाल, तोयानाथ (२०५४), **कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुर: त्रिभुवन विश्वविद्यालय ।

ढकाल, लक्ष्मीप्रसाद (२०५५), **कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) कीर्तिपुर: त्रिभुवन विश्वविद्यालय ।

ढुंगेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६०), **भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौँ: एम.के. पब्लिसर्स ।

थापा, गरिमान (२०५८), **कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण सिकाइ कार्यकलापको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ताहाचल: महेन्द्ररत्न क्याम्पस ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), **नेपाली कक्षा ८,** सानोठिमी: पाठ्यक्रम विकास केन्द ।

बन्धु, चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौँ: रत्नपुस्तक भण्डार ।

भट्टराई, बद्रिविशाल (प्र.सं.२०६१), **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाडौँः विद्यार्थी पुस्तक प्रा.लि. ।

भण्डारी, पारसमणि (२०६२), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौँः न्यू हिरा बुक्स ।

.......................... (२०६८), **नेपाली भाषा शिक्षण,** काठमाडौँः पिनाकल पब्लिकेशन ।

.......................... र **अन्य (२०६८), भाषिक अनुसन्धान विधि,** काठमाडौँः पिनाकल पब्लिकेशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), **शोधविधि**, काठमाडौँः साझा प्रकाशन ।

सुवेदी, सीता (२०६०), **कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र) ताहाचलः महेन्द्ररत्न क्याम्पस ।

# परिशिष्ट (क)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत गरिने शोधपत्र आंशिक आवश्यकता पूर्तिका लागि प्रस्तुत प्रश्नावली

शिक्षकको नामः मितिः

विद्यालयको नामः अध्यापन गर्ने विषयः

शैक्षिक योग्यताः लिङ्गः

शिक्षकको मातृभाषाः अध्ययन गरेको सङ्कायः

शिक्षण गर्दैगरेको कक्षाः सङ्कायः

१. व्याकरण शिक्षण कुन उद्देश्यका लागि बढी आवश्यक ठान्नुहुन्छ ?

(क) भाषिक सीप विकासका लागि (ख) भाषिक शुद्धताका लागि

(ग) भाषिक सीप विकास, शुद्धता, व्याकरण तत्वको पहिचान र तिनको उपयुक्त प्रयोगका लागि

२. कक्षा ८ मा व्याकरण शिक्षण गर्नुको उद्देश्य के होला ?

(क) भाषिक शुद्धताको विकास गर्नु (ख) व्याकरणको नियम सिकाउनु

(ग) भाषिक सीप विकास शुद्धता, व्याकरण तत्वको पहिचान र तिनको उपयुक्त प्रयोगका लागि

३. व्याकरण तत्वको शिक्षण गर्दा दैनिक उपयोगमा आउने पाठ्यपुस्तक, चक, डस्टर, कालोपाटी बाहेक अन्य शैक्षिक सामग्रीहरु पनि प्रयोग गर्नु भएको छ ?

क) गर्छु ख) गर्दिन

४. व्याकरण तत्वको शिक्षण गर्दा कुन-कुन विधिहरु कुन हदसम्म प्रयोग गर्नु भएको छ ?

| विधि | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैंन |
|---|---|---|---|---|
| आगमन विधि | | | | |
| निगमन विधि | | | | |
| भाषा संसर्ग विधि | | | | |
| भाषा<br>पाठ्यपुस्तक विधि | | | | |

५. शब्दवर्ग सम्बन्धी धारणाको विकास गराउन के-कस्तो कार्यकलाप गर्नु गराउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|
| क) प्रत्येक शब्द वर्गका प्रशस्त उदाहरण विद्यार्थीहरुलाई नै भन्न लगाउने | | | | |
| ख) प्रत्येक शब्द वर्गको परिभाषा विद्यार्थीहरुलाई भन्न लगाई शब्दवर्गको वर्गीकरण पनि गर्न लगाउने | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
| ग) विद्यार्थीहरुलाई पाठ्यपुस्तकको कुनै अनुच्छेद पढ्न लगाइ त्यहाँ भएका सबै शब्द रेखांकित गरी | | | | |

| | | | | |
|---|---|---|---|---|
| तिनीहरुको वर्गीकरण गर्न लगाउने | | | | |
| घ) शब्दवर्गको परिभाषा शिक्षक आफैले भनिदिने | | | | |
| ङ शिक्षक आफैले सबै समस्याको समाधान गरिदिने | | | | |

६. मूल र व्युत्पन्न शब्दसम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको अभिवृद्धिका लागि के कस्ता कार्यकलापहरु गर्दै गराउदै आउनुभएको छ ?

| **कार्यकलाप** | **धेरैजसो** | **कहिलकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
|---|---|---|---|---|
| क) मूल र व्युत्पन्न शब्दका परिभाषा शिक्षक आफैले बताइदिने | | | | |
| ख) मूल र व्युत्पन्न शब्दका प्रशस्त उदारहणहरु शिक्षक आफैले बताइदिने | | | | |
| ग) विद्यार्थीहरुलाई विभिन्न व्युत्पन्न शब्द दिएर निर्माण प्रक्रिया बताउन लगाउने | | | | |
| घ) उपसर्ग र प्रत्यय लागेका विभिन्न शब्दहरु विद्यार्थीलाई निर्माण गर्न लगाउने | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
| ङ शिक्षक आफैले व्युत्पन्न शब्दहरु निर्माण गरी देखाइदिने | | | | |
| च) पाठमा प्रयुक्त कृदन्त तथा तद्धितान्त शब्दहरु खोज्न लगाउने र निर्माण प्रकृया बताउन लगाउने । | | | | |
| छ) उपसर्ग र प्रत्यय लागेका विभिन्न शब्दहरु विद्यार्थीलाई निर्माण गर्न | | | | |

| | | | | |
|---|---|---|---|---|
| लगाउने । | | | | |
| ज) शिक्षक आफैले व्युत्पन्न शब्दहरु निर्माण गरी देखाइदिने । | | | | |
| झ) पाठमा प्रयुक्त कृदन्त तथा तद्धितान्त शब्दहरु खोज्न लगाउने र निर्माण प्रकृया देखाउन लगाउने | | | | |
| ञ) शिक्षक आफैले सबै समस्याको समाधान गरिदिने । | | | | |

७. वाक्य र वाक्य निर्माणसम्बन्धी अवधारणाको विकासका लागि के-कस्तो कार्यकलाप गर्दै गराउँदै आउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|
| (क) विद्यार्थीहरुलाई विभिन्न प्रकारका वाक्यका उदाहरणहरु भन्न र लेख्न लगाउने । | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
| (ख) विद्यार्थीहरुलाई विभिन्न प्रकारका वाक्यको परिभाषा भन्न लगाउने । | | | | |
| (ग) शिक्षक आफैले वाक्य र वाक्यका प्रकारका बारेमा परिभाषा तथा उदाहरण बताइदिने । | | | | |
| (घ) पाठमा निर्दिष्ट वाक्यहरु खोज्न लगाउने । | | | | |
| (ङ) विभिन्न प्रकारका वाक्यमा पाइने विभिन्न उदाहरणहरु सहित प्रष्ट्याउन लगाउने । | | | | |
| (च) शिक्षक आफैले वाक्यको भिन्नता प्रष्ट्याइदिने । | | | | |

| | | | | |
|---|---|---|---|---|
| (छ) शिक्षक आफैले समस्याको समाधान गरिदिने । | | | | |

८.काल र कालका पक्षहरु सम्बन्धी अवधारणाको विकास गराउन के-कस्तो कार्यकलापहरु गर्दै गराउदै आउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|
| (क) भुत र अभूत काल तथा तिनीहरुको विभिन्न पक्ष जनाउने क्रियापदका प्रशस्त उदाहरणहरु पाठ्पुस्तकका पाठबाट विद्यार्थीहरुलाई खोज्न र लेख्न लगाउने । | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
| (ख) विद्यार्थीहरुलाई नै काल र पक्षका परिभाषा नियम र संरचना खोज्न, पढ्न र लेख्न लगाउने । | | | | |
| (ग) शिक्षक आफैंले सबै काल र पक्षका प्रशस्त उदाहरण वोर्डमा लेखिदिने र सबैको परिभाषा, नियम र संरचना बताइदिने । | | | | |
| (घ) विद्यार्थीहरुलाई सबै काल र पक्ष जनाउने विभिन्न वाक्यहरु दिने र निर्देशनका आधारमा वाक्य परिवर्तन गर्न लगाउने । | | | | |
| (ङ.) विद्यार्थीहरुलाई कालका विभिन्न पक्ष प्रयोग गरी वाक्य बनाउन | | | | |

| | | | | |
|---|---|---|---|---|
| लगाउने । | | | | |

९. पद सङ्गति सम्बन्धी अवधारणाको विकासको लागि के-कस्तो कार्यकलापहरु गर्दै आउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम |
|---|---|---|---|
| (क) लिङ्ग, वचन, पुरुष र आदर नमिलेका वाक्य बोर्डमा लेख्ने र विद्यार्थीहरुलाई ती वाक्य मिलाउन लगाउने । | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** |
| (ख) पदसङ्गति मिलेका र नमिलेका वाक्यहरुको उदाहरणहरु दिई विद्यार्थीहरुलाई ती वाक्यहरु मिलेको र नमिलेको छुट्ट्याउन लगाउने । | | | |
| (ग) विद्यार्थीहरुलाई पदसङ्गतिको परिभाषा भन्न लगाउने । | | | |
| (घ) शिक्षक आफैंले पद सङ्गतिको परिभाषा बताइदिने । | | | |
| (ङ.) विद्यार्थीहरुलाई पाठ्पुस्तकका अभ्यासमा दिइएका वाक्यमा प्रशस्त अभ्यास गराउने । | | | |
| (च) विद्यार्थीहरुलाई लिङ्ग, वचन, पुरुष र आदर मिलाएर कुनै एक राष्ट्रिय व्यक्तिका बारेमा २,४ अनुच्छेद लेख्न लगाउने । | | | |

१०. भाव र भावका प्रकार सम्बन्धी अबधारणाको विकासको लागि के-कस्तो कार्यकलाप गर्दै गराउँदै आउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम |
|---|---|---|---|
| (क) विद्यार्थीहरुलाई भावको उदाहरण, परिभाषा र प्रकार बताउन लगाउने । | | | |
| (ख) शिक्षक आफैले नै भावको परिभाषा, प्रकार र उदाहरण बताइदिने । | | | |
| (ग) विभिन्न खालका भाव वुझाउने | | | |

| | | | |
|---|---|---|---|
| वाक्य दिएर विद्यार्थीहरुसँग भावका बारेमा छलफल गर्ने । | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** |
| (घ) विद्यार्थीहरुलाई विभिन्न भाव बुझाउने वाक्य भन्न र लेख्न लगाउने । | | | |
| (ङ.) सबै किसिमको भावको प्रयोग गरी ५/५ वटा वाक्य बनाउन लगाउने । | | | |

११. समास सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको अभिवुद्धिका लागि के-कस्तो कार्यकलापहरु गर्दै गराउदै आउनु भएको छ ?

| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** |
|---|---|---|---|
| (क) समास र समासको प्रकारको परिभाषा र उदाहरण विद्यार्थीहरुबाट लिने । | | | |
| (ख) विभिन्न प्रकारको समासको उदाहरण दिएर समास छुट्याउन लगाउने । | | | |
| (ग) समस्त शब्दलाई विग्रह गर्न लगाउने । | | | |
| (घ) विद्यार्थीलाई समस्त शब्द निर्माण गर्न र विग्रह गर्न प्रशस्त अभ्यास गराउने । | | | |
| (ङ) विद्यार्थीहरुलाई विभिन्न प्रकारका समासहरु छुट्याउन लगाउने ।<br>(च) शिक्षक आफैंले सबै समस्याहरुको समाधान गरिदिने । | | | |

१२. वर्णविन्यास सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको अभिवृद्धिको लागि के-कस्तो कार्यकलापहरु गर्दै गराउँदै आउनु भएको छ ?

| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| (क) वर्णविन्यासको परिचय तथा आवश्यकता सम्बन्धमा विद्यार्थीहरुसँग छलफल गर्ने । | | | |
| (ख) विद्यार्थीहरुलाई श्रुतिलेखन गराउने । | | | |
| (ग) विद्यार्थीहरुलाई वर्णविन्यासका दृष्टिले कठिन अनुच्छेद तथा पाठका अंशहरु तोकी सार्न लगाउने । | | | |
| (घ) विद्यार्थीहरुले गरेको लेखनको शुद्धिकरण गरिदिने । | | | |
| (ङ) वर्णविन्यास नियम लागेका शब्दहरुका प्रशस्त उदाहरण विद्यार्थीहरुलाई भन्न लगाउने । | | | |
| (च) वर्णविन्यासको परिचय दिदैं यसको आवश्यकता र नियम सम्बन्धमा विद्यार्थी-शिक्षकबीच अन्तरक्रिया गर्ने । | | | |
| (छ) शिक्षकले विद्यार्थीहरुलाई वर्णविन्यास सम्बन्धी पर्याप्त अभ्यास गराउने । | | | |

१३. शब्द भण्डारको ज्ञानमा अभिवृद्धि गर्नका लागि के-कस्ता कार्यकलापहरु गर्दै गराउँदै आउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैंन |
|---|---|---|---|---|
| (क) पाठमा प्रयुक्त शब्द भण्डारको छलफल गर्ने | | | | |
| (ख) प्रस्तुत शब्दको अर्थ र प्रयोगको बारेमा विद्यार्थीहरुलाई ज्ञान दिने । | | | | |

| | | | | |
|---|---|---|---|---|
| (ग) विद्यार्थीलाई विभिन्न अर्थ दिने शब्दहरुका उदाहरण भन्न लगाउने र त्यस्ता शब्दका परिभाषा समेत बताउन लगाउने । | | | | |
| (घ) शिक्षक आफैले विभिन्न अर्थ दिने शब्दका परिभाषा तथा उदाहरणहरु बताइदिने । | | | | |
| ङ) विद्यार्थीहरुलाई पर्यायवाची, विपरीतार्थ, श्रुतिसमभिन्नार्थक, अनेकार्थ शब्दहरुको सूची बनाउन लगाउने । | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** | **गरिदैंन** |
| (च) शिक्षक आफैले विभिन्न शब्दहरुको तालिका बनाएर देखाइदिने | | | | |
| (छ) पाठमा प्रयुक्त विभिन्न शब्दहरु खोज्न र तालिका बनाउन लगाउने | | | | |
| ज. शिक्षक आफैले सबै समस्याको समाधान गरिदिने | | | | |

१४. धातु र अनुकरणात्मक शब्द सम्बन्धी ज्ञानको अभिवृद्धिका लागि के कस्तो कार्यकलापहरु गर्दै गराउदै आउनुभएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|
| क. धातुको उदाहरणहरु विद्यार्थीहरुलाई भन्न लगाउने | | | | |
| ख. विद्यार्थीहरुलाई उदाहरण सहित अनुकरणात्मक शब्दको परिभाषा भन्न लगाउने | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
| ग. विद्यार्थीहरुलाई अनुकरणात्मक शब्द दिई वाक्यमा प्रयोग गर्न लगाउने | | | | |
| घ) सम्बन्धित पाठबाट धातु र अनुकरणात्मक शब्दहरु विद्यार्थीहरुलाई टिप्न लगाउने । | | | | |
| ङ. सबै समस्याहरु शिक्षक आफैंले समाधान गरिदिने । | | | | |

१५. समग्रमा व्याकरण तत्व शिक्षण कार्यकलाप गर्दा के-कस्तो प्रक्रिया अपनाउनु भएको छ ?

| कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|
| क. शिक्षकद्धारा प्रशस्त | | | | |

| | | | | |
|---|---|---|---|---|
| उदाहरणहरु प्रस्तुत गरिएको | | | | |
| ख. नयाँ शब्द वा धारणाको अर्थ स्पष्ट पार्ने काम गरिएको | | | | |
| ग. विद्यार्थीहरुलाई पर्याप्त अभ्यास गराउने गरेको | | | | |
| **कार्यकलाप** | **धेरैजसो** | **कहिलेकाहीं** | **ज्यादैकम** | **गरिदैन** |
| घ. सिकाइको लागि विद्यार्थीहरुको सहभागिता गराइएको | | | | |
| ङ. विद्यार्थीसँग छलफल तथा प्रश्नोत्तर गरिएको | | | | |
| छ. शिक्षक आफैंले सबै समस्या समाधान गरिदिने गरेको | | | | |
| ज. समय समयमा विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको | | | | |
| झ. विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्ने गरेको | | | | |

## परिशिष्ट (ख)

**कक्षा अवलोकन फारम**

विद्यालयको नाम:

विद्यालयको ठेगाना:

शिक्षक/शिक्षिकाको नाम:

कक्षा: घण्टी: मिति:

विषय: पाठ: समय:

**(क) सिकाइ वातावरण**

| क.स. | सिकाइ वातावरण | | छ | छैन |
|---|---|---|---|---|
| (क) | प्रत्येक विद्यार्थीसम्म पुग्न सक्नेगरी कक्षामा बसाइ व्यवस्था मिलाइएको | | | |
| (ख) | कमजोर विद्यार्थीलाई बढी ध्यान दिई सहयोग गर्न सकिने ठाउँमा बसाइएको । | | | |
| (ग) | शिक्षणका क्रममा विद्यार्थी शिक्षकबीच अन्तरक्रिया गरिएको । | | | |
| (घ) | कक्षाकोठाका भित्तामा शैक्षिक सामग्री राखिएको | | | |

**(ख) शिक्षण विधि**

| विधि | धेरैजसो | कहिलेकाहीं | गरिदैने |
|---|---|---|---|
| क. आगमन विधि | | | |
| ख. निगमन विधि | | | |

| | | | |
|---|---|---|---|
| ग.भाषा संसर्ग विधि | | | |
| घ. भाषा पाठ्यपुस्तक विधि | | | |

**(ग) शिक्षकको व्यक्तित्व**

| शिक्षकको व्यक्तित्व | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|
| १) सफासुग्घर | | | |
| २) आत्मविस्वास | | | |
| ३) मिलनसार | | | |
| ४) बोलीस्पष्ट | | | |
| ५) भाषाको शुद्धता | | | |

**(घ) शिक्षकको तयारी**

| क.सं. | शिक्षकको तयारी | छ | छैन |
|---|---|---|---|
| १ | वार्षिक कार्ययोजना तयार गरेको छ ? | | |
| क.सं. | शिक्षकको तयारी | छ | छैन |
| २ | दैनिक पाठयोजना तयार गरेको छ ? | | |
| ३ | शिक्षण सामग्री तयार गरेको छ ? | | |
| ४. | कक्षाकोठालाई व्यवस्थित गरेको छ ? | | |
| ५ | विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गरेको छ ? | | |
| ६. | अघिल्लो कक्षाकोठाको पुनरावलोकन गरेको छ ? | | |

**(ङ) कक्षाको सुरुवात**

| क.स. | कक्षाको सुरुवात | छ | छैन |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| क. | कक्षाकोठामा हँसिलो र मित्रवत भई प्रवेश गरिएको | | |
| ख. | विद्यार्थीको ध्यानाकर्षणको लागि रमाइलो ढङ्गले कक्षाको सुरुवात गरिएको | | |
| ग. | पूर्व पाठको पुनरावृत्ति गरिएको | | |
| घ. | पाठको उद्देश्यअनुरुप शिक्षण गरिएको | | |
| ङ. | विद्यार्थीलाई आ-आफ्नो क्षमताअनुसार सिक्न पाउने वातावरण सिर्जना गरिएको | | |
| च | विद्यार्थीको चाहना, रुचि र स्तरअनुसार शिक्षण विधिको प्रयोग गरिएको | | |

### (च) पाठको प्रस्तुतीकरण

| क.सं. | पाठको प्रस्तुतीकरण | छ | छैन |
|---|---|---|---|
| १ | उद्देश्यहरु उल्लेख गरेको छ ? | | |
| २ | नयाँ शब्द वा धारणा प्रस्ट पारेको छ ? | | |
| ३ | मुख्य बुँदाहरुलाई विभिन्न तरिका प्रयोग गरी प्रस्ट गरेको छ ? | | |
| ४. | अभ्यासको निमित्त पर्याप्त मौका दिइएको छ ? | | |
| ५ | सबै विद्यार्थीप्रति दृष्टि पुऱ्याइएको छ ? | | |
| ६ | विद्यार्थी सहभागिता बढाउन प्रोत्साहन गरेको छ ? | | |
| ७ | अन्त्यमा मुख्य बुँदालाई सङ्क्षेपमा प्रस्तुत गरेको छ ? | | |

### (छ) व्याकरण शिक्षण कार्यकलाप

| क.स. | कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | गरिदैन |
|---|---|---|---|---|
| १. | शिक्षकद्धारा प्रशस्त उदाहरणहरु प्रस्तुत गरिएको | | | |
| २. | नयाँ शव्द वा धारणाको अर्थ स्पष्ट पार्ने काम गरिएको । | | | |
| क.स. | कार्यकलाप | धेरैजसो | कहिलेकाहीं | गरिदैन |
| ३. | विद्यार्थीलाई पर्याप्त अभ्यास गराइएको । | | | |
| ४. | सिकाइको लागि विद्यार्थीको सहभागिता गराइएको | | | |
| ५. | विद्यार्थीसंग छलफल तथा प्रस्नोत्तर गरिएको । | | | |
| ६. | समय समयमा विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको। | | | |
| ७. | विद्यार्थीले नबुझेको कुरा दोहोऱ्याइएको । | | | |

(ज) **विद्यार्थीको मूल्याङ्कन**

| क.स. | विद्यार्थी मूल्याङ्कन | छ | छैन |
|---|---|---|---|
| १. | मुख्य बुँदालाई समेट्ने गरी प्रश्न गरेको छ ? | | |
| २. | उद्देश्य पूरा भएकोमा विश्वस्त छ? | | |
| ३. | विद्यार्थी मूल्याङ्कन अभिलेख राख्ने गरेको छ ? | | |
| ४. | पुनः परीक्षण गर्ने गरेको छ ? | | |
| ५. | तत्काल पृष्ठपोषण प्रदान गर्ने गरेको छ ? | | |
| ६. | मूल्याङ्कनको नतिजालाई उपयोग गर्ने गरेको छ ? | | |

(झ) गृहकार्यको प्रकृति

| क.स. | गृहकार्यको प्रकृति | छ | छैन |
| --- | --- | --- | --- |
| क) | पढेर आउने | | |
| ख) | प्रश्नको उत्तर लेखेर ल्याउने | | |
| ग) | विद्यार्थीहरुले उदाहरण आफै खोजेर ल्याउने । | | |
| घ) | पाठमा दिइएको अभ्यास गरेर ल्याउने | | |